CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं खण्डको नेपाली अनुवाद

कुरआन मजीद

अरबी मूलग्रंथ सहित

इस्लामी संघ नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

कुरआन मजीद

तीसौं खण्डको नेपाली अनुवाद,
अरबी मूलग्रंथ सहित

इस्लामी संघद्वारा
डिल्लीरमण रेग्मी
स्मारक पुस्तकालयलाई
उपहार ।
२०५६/११/२६

अनुवाद
अलाउद्दीन फलाही

पुनरावलोकन
बशीर अहमद फलाही

भाषा सम्पादक
ऋषि राम शर्मा

विशेष सम्पादक
डा. इमरान अन्सारी

G. No. 1376

प्रकाशक :
इस्लामी संघ नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

ترجمة معاني

القرآن الكريم

باللغة النيبالية

(الجزء الثلاثون)

ترجمة:
علاء الدين الفلاحي

اعادة :
بشير أحمد الفلاحي

تصحيح اللغة:
رشي رام شرما

اعادة و تقديم:
الدكتور عمران الأنصاري

المنظمة الاسلامية نيبال

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

क्रम

भूमिका	2	مقدمة
सूरह् अल्-फ़ातिहा	4	سورة الفاتحة
सूरह् अन्नबा	5	سورة النبأ
सूरह् अन्नाज़िआत	8	سورة النازعات
सूरह् अ़बस	11	سورة عبس
सूरह् अत्तक्वीर	14	سورة التكوير
सूरह् अल्-इन्फ़ित़ार	16	سورة الانفطار
सूरह् अल्-मुत़फ़्फ़िफ़ीन	18	سورة المطففين
सूरह् अल्-इन्शिक़ाक़	21	سورة الانشقاق
(सूरह् अल्-बुरूज	23	سورة البروج
सूरह् अत्त़ारिक़	25	سورة الطارق
सूरह् अल्-अअ्ला	27	سورة الأعلى
सूरह् अल्-ग़ाशियह्	29	سورة الغاشية
सूरह् अल्-फ़ज्र	31	سورة الفجر
सूरह् अल्-बलद्	33	سورة البلد
सूरह् अश्-शम्स	35	سورة الشمس
सूरह् अल्लैल्	36	سورة الليل
सूरह् अज़्ज़ुह़ा	38	سورة الضحى
सूरह् अल्-इन्शिराह्	39	سورة الانشراح
सूरह् अत्तीन	40	سورة التين
सूरह् अल्-अ़लक़	41	سورة العلق
सूरह् अल्-क़द्र	43	سورة القدر
सूरह् अल्-बैयि्यनह्	44	سورة البينة
सूरह् अज़्ज़िल्ज़ाल	46	سورة الزلزال
सूरह् अल्-आ़दियात्	47	سورة العاديات
सूरह् अल्-क़ारिअ़ह्	48	سورة القارعة

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अत्तकासुर्	49	سورة التكاثر
सूरह् अल्-अस्र	50	سورة العصر
सूरह् अल्-हुमज़ह्	51	سورة الهمزة
सूरह् अल्-फ़ील	52	سورة الفيل
सूरह्-कुरैश्	53	سورة قريش
सूरह् अल्-माऊ़न्	54	سورة الماعون
सूरह् अल्-कौसर्	55	سورة الكوثر
सूरह् अल्-काफ़िरून्	56	سورة الكافرون
सूरह् अन्नस्र	57	سورة النصر
सूरह् अल्-लहब्	58	سورة اللهب
सूरह् अल्-इख़्लास	59	سورة الاخلاص
सूरह् अल्-फ़लक्	60	سورة الفلق
सूरह् अन्नास	61	سورة الناس
शब्दावली	62	

CC-0. In Public Domain. Digitization by eGangotri

Translation of The Holy Qura'n

in Nepalese Language

(30th part with Surah Fateha)

ترجمة سورة الفاتحة والجزء الثلاثين للقران الكريم باللغة النيبالية

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

ठेगाना : **इस्लामी संघ नेपाल**

पो.ब.नं. : २८९६, काठमाण्डौ, नेपाल

फोन नं. : ४२२६२५९ / ४२४३७२२

फ्याक्स नं. : ४२५६९१२

पहिलो संस्करण : २०६१ साल; १००० प्रति

कम्प्यूटर सेटिङ्ग : जुल्फक़ारा अली फलाही

पाउने ठेगानाहरू :

१-इस्लामिक लाईब्रेरी घण्टाघर काठमाण्डौ फोन : ४२४१०१७
२- मक्तबा अल्-फलाह बिराटनगर फोन : ५३४७७८/५२१८७१
३- इस्लामिक लाईब्रेरी राजबिराज फोन : ५२२५८५
४- इस्लामिक लाईब्रेरी बहुअरी बीरगञ्ज फोन : ५२७३७२
५- इस्लामिक लाईब्रेरी तौलिहवा फोन : ५६०११२
६ - इस्लामिक लाईब्रेरी नेपालगञ्ज फोन : ५२५३७९

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

जगतका सृष्टिकर्ता अल्लाह (ईश्वर) ले मानव जातिलाई सृजना गरेर पृथ्वीमा पठाएपछि तिनीहरूको मार्गदर्शनको लागि समय समयमा आफ्ना रसूलहरू (सन्देष्टाहरू) पठाउने व्यवस्था गरे । यी रसूल भनेका मानवहरूमध्येका सर्वश्रेष्ठ व्यक्तिहरू थिए– तर थिए मानव नै; ईश्वर चाहिँ थिएनन् । मानवले पृथ्वीमा जीवनयापन कसरी गर्नु पर्छ, के गर्नु हुन्छ, के गर्नु हुँदैन, मानव-मानवबीच र मानव-ईश्वरवीच कस्तो सम्वन्ध छ र हुनु पर्छ, एकार्काका काम-कर्तव्य, उत्तरदायित्व, अधिकार के के छन्, जीवनको उद्देश्य के हो, मृत्योपरान्त के हुनेछ, के गर्दा अल्लाह खुशी हुन्छन् र के गर्दा हुँदैनन्, समाज र राष्ट्र निर्माण कसरी गर्ने, सुख-शान्ति कसरी स्थापित हुन्छ आदि कुराहरूको ज्ञान दिन र त्यस सत्य ज्ञानमा आधारित मानव समाजको निर्माण गर्न नै रसूलहरू पठाइएका हुन् । प्रमुख रसूलहरू नूह, इब्राहिम, इस्माईल, इसहाक, याकुब, यूसुफ, मूसा (*Moses*), सुलैमान, ईसा (*Jessus*) आदिहरू हुन् (यी सवैमाथि अल्लाहको शान्ति होस्) । प्रत्येक मुसलमानले यी रसूलहरू सत्यवादी थिए भन्ने कुरामा ईमान (आस्था) राख्नै पर्ने हुन्छ, मुसलमान हुनको लागि केही पूर्वशर्तहरूमध्ये को यो एक हो रसूलहरू पठाउने यो प्रक्रिया एउटा निश्चित समयसम्मको लागि मात्र थियो । अन्तिम रसूल मुहम्मद (स.) को आगमनसँगै यो क्रम समाप्त भएको छ । मुहम्मद (स.) अल्लाहका अन्तिम सन्देष्टा थिए भन्ने कुरोमा विश्वास गर्नु मुसलमान हुनको लागि पूर्व शर्तहरूमध्येको अर्को एक शर्त हो मुहम्मद (स.) लाई फरिश्ता (दूत) जिव्रईलको माध्यमले अल्लाहका वाणीहरू प्राप्त हुन्थे । तिनै वाणीहरूको संग्रहीत रूप नै कुरआन हो । कुरआनमा जीवनयापन र मानव समाज निर्माणको लागि ईश्वरीय मार्गदर्शन रहेको छ । यो मानवको जीवन विधान हो । यस विधानलाई आधार वनाएर मानवजीवनको निर्माण गरे मात्र संसारमा वास्तविक र चिरस्थायी सुख र शान्ति स्थापित हुन सक्छ । अन्तिम सन्देष्टाले आज भन्दा १४०० वर्ष अघि अरबको अति भयानक, लडाकू, रक्तपिपासु, व्यभिचारी र उद्दण्ड समाजलाई एउटा अत्यन्त सभ्य, सुशील, शान्तिप्रिय, परोपकारी र प्रगतिशील समाजमा परिणत गरेर यसको उदाहरण प्रस्तुत गरिसकेका छन ।

ईशवाणी भएकोले कुरआन सम्पूर्ण मानव जातिकै ग्रंथ हो, कुनै धर्म विशेषको होइन । अतः प्रत्येक मानवले यस पुस्तकको अध्यन गर्नु सान्दर्भिक भएकोले यो ग्रंथ संसारका विभिन्न भाषाहरूमा अनुवादित हुनु जरूरी छ । नेपालमा कतिपय मुस्लिमहरू यस्ता पनि छन् जसको मातृ भाषा अथवा अधिकांश लेख-पढ र बोलीचालीको भाषा नेपाली हो । यिनीहरू हालसम्म व्यापक रूपमा उप्लब्ध अंग्रेजी, उर्दू आदि भाषामा अनुवादित कुरआन पढ्न र वुझ्न सक्तैनन् । फलस्वरूप आफ्नै धर्म ग्रंथको शिक्षा प्रत्यक्ष रूपमा बुझ्न असमर्थ छन् । यिनै आवश्यकतालाई दृष्टिगत गरी नेपाली भाषामा पनि पवित्र कुरआनको अनुवाद गर्ने प्रयास गरिएको हो जसको प्रतिफलको रूपमा कुरआनको तीसौं खण्ड "अम्म" को अनुवाद तपाईंको हातमा छ, जो कुनै अनुवादको अनुवाद नभई अरबी मूलग्रंथकै अनुवाद हो ।

कुनै पनि भाषावाट अर्को भाषामा अनुवाद गर्ने कार्य वडो कठिन हुन्छ । प्रत्येक भाषाका आफ्नै विशेषता, शैली, सीमा र केही कमीकमजोरीहरू हुन्छन् । तसर्थ अरबीवाट

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीमा अनुवाद गर्दा जहिले पनि जस्ताको त्यस्तै अर्थ दिने र ठ्याक्कै मिल्ने शब्दहरू पाउन अत्यन्त कठिन र प्रायः असम्भव छ । त्यसैले यो कुरआनको शब्दशः अनुवाद होइन । कुरआनमा उल्लेखित शब्दहरूको निकटतम अर्थ दिने रूपान्तरण मात्र हो । कुरआन ईश्वाणी भएकोले यसको अनुवाद निकै संवेदनशील विषय हो । अर्थको अनर्थ हुन गएमा त्यसबाट सिर्जित गलतफहमी र तिनका दुष्परिणामहरूको सम्पूर्ण जिम्मेवारी अनुवादक टोलीकै हुने हुनाले अनुवाद गर्दा हदैसम्मको सतर्कता अपनाइएको छ । टोलीमा अरवी, नेपाली तथा उर्दू भाषाका ज्ञाताहरूलाई समावेश गरिनुको साथै भाषा सम्पादनको लागि नेपाली भाषामा विशेष ज्ञानप्राप्त भाषाविदको पनि सहयोग लिइएको छ ।

यति गर्दा गर्दै पनि हाम्रो आफ्नै अज्ञानताले गर्दा भएका भूलहरूतिर पाठकवर्गले ध्यानाकर्षण गराइदिनुभएमा सधन्यवाद आगामी संस्करणहरूमा भूल-सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

अनुवादको क्रममा अरवी भाषाको मूल ग्रन्थवाहेक उर्दू भाषाका निम्नलिखित अनुवादहरूवाट सहायता लिइएको छ : मौलाना फतह मुहम्मद खान जालन्धरीद्वारा अनुवादित कुरआन मजीद, मौलाना सय्यद हामिद अ़लीको फी-ज़िलालिल्-कुरआन, मौलाना अमीन अह्सन इस्लाहीको तदव्बुरे कुरआन, मौलाना सय्यद अवुल आला मौदूदीको तफ्हीमुल कुरआन, मौलाना अशरफ अली थानवीको वयानुल कुरआन,अहमद रजा़ खान वरेलवीको कन्जुल ईमान, मौलाना अब्दुर्रशीद नोअ़मानीको तफ्सीर इब्ने कसीरको उर्दू अनुवाद, मौलाना मोहम्मद जूनागढीको अहसनुल वयान, मुफ्ती मुहम्मद शफीको मअ़ारिफुल कुरआन, मौलाना महमूदुल्हसनद्वारा अनुवादित कुरआन करीम र मौलाना अब्दुलमाजिद दरयाबादीको तफ्सीरे माजिदी । त्यस्तै अब्दुल्लाह यूसुफ अली, मो. मारमाड्यूक पिक्थल तथा जहीन फातिमा वेग आदिका तीन विभिन्न अंग्रेजी अनुवादहरूवाट पनि सहायता लिइएको छ । नेपाली भाषामा शेख अबुलकलाम आजाद तथा गोकुल सिंहाका अनुवादहरू पनि सहायक सिद्ध भए भने अरवी भाषामा इमाम अत्तवरीको कुरआनको व्याख्या "तफ्सीर अत्तबरी"; हिन्दी भाषामा मुहम्मद फरूक़ ख़ानको "अनूदित कुरआन मजीद" र बंगला भाषामा हाफिज मुनीरुद्दीन अह्मदको कुरआनको अनुवाद "कुरआन शरीफ" आदिवाट पनि सहायता लिइयो । हामी उनीहरूप्रति आभार व्यक्त गर्दछौं ।

कुरआनको अनुवादको यस पुण्य कार्यमा प्रत्यक्ष र परोक्ष जुनसुकै रूपमा सहायता गर्ने व्यक्ति तथा संस्थाहरूप्रति पनि हामी कृतज्ञता व्यक्त गर्न चाहन्छौं । विशेष गरी प्रकाशक इस्लामी संघ नेपाल र तिनका पदाधिकारीहरूलाई महान अल्लाहले यसको सर्वोत्तम वदला देऊन् भन्ने हाम्रो कामना छ ।

अन्त्यमा महान अल्लाहले हाम्रो यो प्रयास स्वीकार गरेर हाम्रा कमीकमजोरी र भूलचुकहरू क्षमा गरून् भन्ने प्रार्थना गर्दछौं । आमीन !

डा. इमरान अन्सारी
काठमाडौं
भदौ ४, २०६१

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-फ़ातिहा

(मक्कामा अवतरित्–आयतहरू: ७)

سورة الفاتحة

مكية آياتها:7

१) शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ١

२) सबै प्रशंसाहरू अल्लाहकै निम्ति छन्, जो सम्पूर्ण जगतका प्रभु हुन् ।

ٱلۡحَمۡدُ لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ ٢

३) जो अत्यन्तै करुणामय र परम दयालु छन् ।

ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ٣

४) जो बदला दिइने दिनका मालिक हुन् ।

مَٰلِكِ يَوۡمِ ٱلدِّينِ ٤

५) हामी तिम्रै उपासना गर्छौं र तिम्रै सहायता चाहन्छौं ।

إِيَّاكَ نَعۡبُدُ وَإِيَّاكَ نَسۡتَعِينُ ٥

६) हामीलाई सीधा मार्ग देखाऊ !

ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ ٦

७) ती व्यक्तिहरूको मार्ग (देखाऊ) जो तिम्रा कृपापात्र भए; न कि (तिम्रा) प्रकोपको भागी भएका, न पथभ्रष्ट भएकाहरूको (मार्ग) नै ।

صِرَٰطَ ٱلَّذِينَ أَنۡعَمۡتَ عَلَيۡهِمۡ غَيۡرِ
ٱلۡمَغۡضُوبِ عَلَيۡهِمۡ وَلَا ٱلضَّآلِّينَ ٧

ع

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अन्नबा

(मक्कामा अवतरित्–आयतहरू: ४०)

سورة النبأ

مكية آياتها:40

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) यी व्यक्तिहरू के को विषयमा एकअर्कासँग सोधपूछ गर्दैछन् ?

عَمَّ يَتَسَاءَلُونَ (١)

२) (के त्यस) महान खवरको विषयमा !

عَنِ النَّبَإِ الْعَظِيمِ (٢)

३) जसबारे तिनीहरू विभिन्न मत राख्दछन् ?

الَّذِي هُمْ فِيهِ مُخْتَلِفُونَ (٣)

४) हेर तिनीहरूले चाँडै जान्नेछन् ।

كَلَّا سَيَعْلَمُونَ (٤)

५) फेरि हेर तिनीहरूलाई चाँडै नै (वास्तविकता) थाहा भइहाल्नेछ ।

ثُمَّ كَلَّا سَيَعْلَمُونَ (٥)

६) के हामीले धर्तीलाई बिछ्यौना बनाएनौं ?

أَلَمْ نَجْعَلِ الْأَرْضَ مِهَادًا (٦)

७) र पहाडहरूलाई (पृथ्वीको लागि) चुकुल ।

وَالْجِبَالَ أَوْتَادًا (٧)

८) र हामीले तिमीहरूलाई (स्त्री-पुरुषको रूपमा) जोडा-जोडा पनि सृष्टि गऱ्यौं ।

وَخَلَقْنَاكُمْ أَزْوَاجًا (٨)

९) र तिमीहरूको निद्रालाई आरामदायी बनायौं ।

وَجَعَلْنَا نَوْمَكُمْ سُبَاتًا (٩)

१०) र रातलाई हामीले पर्दा बनायौं ।

وَجَعَلْنَا اللَّيْلَ لِبَاسًا (١٠)

११) र दिनलाई हामीले जीविकोपार्जन र आयआर्जनको समय बनायौं ।

وَجَعَلْنَا النَّهَارَ مَعَاشًا (١١)

१२) र तिमीहरूमाथि सातवटा सुदृढ आकाशहरू बनायौं ।

وَبَنَيْنَا فَوْقَكُمْ سَبْعًا شِدَادًا (١٢)

१३) र हामीले अत्यन्तै ज्योतिर्मय र उष्ण दीपक (सूर्य) सृष्टि गऱ्यौं ।

وَجَعَلْنَا سِرَاجًا وَهَّاجًا (١٣)

१४) र वादलहरूबाट हामीले अविरल पानी बर्षायौं,

وَأَنْزَلْنَا مِنَ الْمُعْصِرَاتِ مَاءً ثَجَّاجًا (١٤)

१५) ताकि उमारौं त्यसद्वारा अन्न एवम् वनस्पति,

لِنُخْرِجَ بِهِ حَبًّا وَنَبَاتًا (١٥)

CC-0. In Public Domain. Digitization by eGangotri

१६) र सघन बगैंचाहरू !

وَجَنَّٰتٍ أَلْفَافًا ﴿١٦﴾

१७) निस्सन्देह फैसलाको दिन निर्धारित छ ।

إِنَّ يَوْمَ ٱلْفَصْلِ كَانَ مِيقَٰتًا ﴿١٧﴾

१८) जुन दिन "सूर" फुकिनेछ अनि तिमीहरू हुल बाँधेर बाहिर निस्कनेछौ ।

يَوْمَ يُنفَخُ فِى ٱلصُّورِ فَتَأْتُونَ أَفْوَاجًا ﴿١٨﴾

१९) र आकाश खोलिनेछ अनि त्यो (आकाश) ढोकै-ढोका बनेर रहनेछ ।

وَفُتِحَتِ ٱلسَّمَآءُ فَكَانَتْ أَبْوَٰبًا ﴿١٩﴾

२०) तथा पहाडहरूलाई चलाइनेछ अनि ती पहाडहरू जल-भ्रम हुन पुग्नेछन् ।

وَسُيِّرَتِ ٱلْجِبَالُ فَكَانَتْ سَرَابًا ﴿٢٠﴾

२१) निस्सन्देह नर्क ढुकिरहेछ,

إِنَّ جَهَنَّمَ كَانَتْ مِرْصَادًا ﴿٢١﴾

२२) जो उद्दण्डहरूको बास-स्थान हो ।

لِّلطَّٰغِينَ مَـَٔابًا ﴿٢٢﴾

२३) जहाँ तिनीहरू युगौं युगसम्म रहनेछन् ।

لَّٰبِثِينَ فِيهَآ أَحْقَابًا ﴿٢٣﴾

२४) त्यहाँ तिनीहरू न त शीतलताको कुनै स्वाद पाउनेछन् न कुनै पेय (पदार्थ) नै (पाउनेछन्) ।

لَّا يَذُوقُونَ فِيهَا بَرْدًا وَلَا شَرَابًا ﴿٢٤﴾

२५) केवल उम्लँदो पानी र रक्त-पीप (पाउनेछन्) ।

إِلَّا حَمِيمًا وَغَسَّاقًا ﴿٢٥﴾

२६) (यो हो) पूर्ण बदला !

جَزَآءً وِفَاقًا ﴿٢٦﴾

२७) तिनीहरू (परलोकको) हिसाबकिताब माथि विश्वास राख्दैनथे ।

إِنَّهُمْ كَانُوا۟ لَا يَرْجُونَ حِسَابًا ﴿٢٧﴾

२८) र हाम्रा आयतहरू (श्लोकहरू) लाई एकदमै असत्य ठह्-याउँथे ।

وَكَذَّبُوا۟ بِـَٔايَٰتِنَا كِذَّابًا ﴿٢٨﴾

२९) हामीले प्रत्येक कुरालाई लेखेर सुरक्षित राखेका छौं ।

وَكُلَّ شَىْءٍ أَحْصَيْنَٰهُ كِتَٰبًا ﴿٢٩﴾

३०) अत: (यातना) भोग ! हामी त तिमीहरूको यातनामै अभिवृद्धि गर्दै जानेछौं ।

فَذُوقُوا۟ فَلَن نَّزِيدَكُمْ إِلَّا عَذَابًا ﴿٣٠﴾ ع

ا ع ا

३१) निस्सन्देह ईशभय राख्नेहरूको लागि सफलता छ ।

إِنَّ لِلْمُتَّقِينَ مَفَازًا ﴿٣١﴾

३२) (अर्थात्) बगैंचाहरू एवम् अंगुरहरू !

حَدَآئِقَ وَأَعْنَٰبًا ﴿٣٢﴾

CC-0. In Public Domain. Digitization by eGangotri

३३) र समवयस्क युवतीहरू,

وَكَوَاعِبَ أَتْرَابًا ﴿٣٣﴾

३४) र छचल्कँदो मदिरापात्र ।

وَكَأْسًا دِهَاقًا ﴿٣٤﴾

३५) त्यहाँ तिनीहरूले न कुनै व्यर्थ न त मिथ्या कुरा नै सुन्नेछन् ।

لَّا يَسْمَعُونَ فِيهَا لَغْوًا وَلَا كِذَّٰبًا ﴿٣٥﴾

३६) यो हो प्रतिदान एवम् पर्याप्त पुरस्कार तिम्रा प्रभुको तर्फबाट !

جَزَآءً مِّن رَّبِّكَ عَطَآءً حِسَابًا ﴿٣٦﴾

३७) जो आकाशहरू, धर्ती एवम् ती दुवैवीच रहेका (सम्पूर्ण) वस्तुहरूका प्रभु हुन् र जो अति करुणामय छन्, कोही उनीसमक्ष वोल्ने साहस (एवम् शक्ति) राख्नेछैन ।

رَّبِّ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ وَمَا بَيْنَهُمَا
ٱلرَّحْمَٰنِ ۖ لَا يَمْلِكُونَ مِنْهُ خِطَابًا ﴿٣٧﴾

३८) जुन दिन पवित्र-आत्मा (जिब्रईल) एवम् अरू फरिश्ताहरू (दूतहरू) पंक्तिवद्ध भई खडा हुनेछन्, अल्लाहको अनुमति विना कोही वोल्नेछैन र वोल्नेले सत्य नै वोल्नेछ ।

يَوْمَ يَقُومُ ٱلرُّوحُ وَٱلْمَلَٰٓئِكَةُ صَفًّا ۖ
لَّا يَتَكَلَّمُونَ إِلَّا مَنْ أَذِنَ لَهُ
ٱلرَّحْمَٰنُ وَقَالَ صَوَابًا ﴿٣٨﴾

३९) त्यो दिन (निश्चित रूपमा आउनेछ र यो) नितान्त सत्य हो । अत: जसले चाहन्छ (सत्कर्म गरेर) आफ्ना प्रभुकहाँ वास-स्थान वनाओस् ।

ذَٰلِكَ ٱلْيَوْمُ ٱلْحَقُّ ۖ فَمَن شَآءَ ٱتَّخَذَ
إِلَىٰ رَبِّهِۦ مَـَٔابًا ﴿٣٩﴾

४०) हामीले तिमीहरूलाई तिम्रै सन्निकट यातनादेखि सचेत गरिदिएका छौं । त्यस दिन मान्छेले ती सवै देख्नेछ जुन उसका आफ्नै हातहरूले पठाएका हुनेछन्, अनि काफ़िर (अधर्मी) ले भन्नेछ- "वरु म माटो नै रहेको भए (वेस हुन्थ्यो) !"

إِنَّآ أَنذَرْنَٰكُمْ عَذَابًا قَرِيبًا يَوْمَ
يَنظُرُ ٱلْمَرْءُ مَا قَدَّمَتْ يَدَاهُ وَيَقُولُ
ٱلْكَافِرُ يَٰلَيْتَنِى كُنتُ تُرَٰبًۢا ﴿٤٠﴾ ع ٢ ع ١٠ ٢

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अन्नाज़िआ़त

(मक्कामा अवतरित-आयतहरू: ४६)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) क़सम छ, भित्र पसेर (प्राण) लुछ्ने फरिश्ताहरू (दूतहरू) को ।
२) र (ती फरिश्ताहरूको) जो सरलतापूर्वक (प्राण) झिक्दछन्,
३) र (ती फरिश्ताहरूको) जो तीब्रतापूर्वक बहन्छन्,
४) अनि (आज्ञापालनमा) अग्रसर भई अघि सर्छन्,
५) र (सांसारिक) कृयाकलाप सुव्यवस्थित ढंगले परिचालन गर्दछन् ।

६) जुन दिन भूकम्पले (पृथ्वीलाई) कम्पित गर्नेछ !
७) त्यसको लगत्तैपछि (चिहान भित्रका मानिसहरूलाई निकाल्नको लागि) कम्पन हुनेछ,
८) कतिपय (मानिसहरूका) हृदयहरू त्यस दिन (भयले) कम्पित हुनेछन् ।
९) र (ती मानिसहरूका) दृष्टिहरू झुकिरहनेछन्,

१०) अधर्मीहरू सोध्दछन्- "के हामीहरू पहिलाकै अवस्थामा फर्काइनेछौं ?"
११) "जब कि हामीहरू सडेका हड्डी बनिसकेका हुनेछौं !"
१२) अधर्मीहरू भन्छन्- "त्यसो भए त प्रत्यावर्तन घाटापूर्ण हुनेछ ।"
१३) त्यो त केवल एउटा हप्काइ हुनेछ,

१४) अनि लगत्तै तिनीहरू खुल्ला चउरमा हुनेछन् ।
१५) के मूसा (ईशदूत) को वृत्तान्त तिमीसम्म पुगेको छ ?

سورة النازعات

مكية آياتها:46

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

وَٱلنَّٰزِعَٰتِ غَرْقًا ﴿١﴾
وَٱلنَّٰشِطَٰتِ نَشْطًا ﴿٢﴾
وَٱلسَّٰبِحَٰتِ سَبْحًا ﴿٣﴾
فَٱلسَّٰبِقَٰتِ سَبْقًا ﴿٤﴾
فَٱلْمُدَبِّرَٰتِ أَمْرًا ﴿٥﴾
يَوْمَ تَرْجُفُ ٱلرَّاجِفَةُ ﴿٦﴾
تَتْبَعُهَا ٱلرَّادِفَةُ ﴿٧﴾
قُلُوبٌ يَوْمَئِذٍ وَاجِفَةٌ ﴿٨﴾
أَبْصَٰرُهَا خَٰشِعَةٌ ﴿٩﴾
يَقُولُونَ أَءِنَّا لَمَرْدُودُونَ فِى ٱلْحَافِرَةِ ﴿١٠﴾
أَءِذَا كُنَّا عِظَٰمًا نَّخِرَةً ﴿١١﴾
قَالُوا۟ تِلْكَ إِذًا كَرَّةٌ خَاسِرَةٌ ﴿١٢﴾
فَإِنَّمَا هِىَ زَجْرَةٌ وَٰحِدَةٌ ﴿١٣﴾
فَإِذَا هُم بِٱلسَّاهِرَةِ ﴿١٤﴾
هَلْ أَتَىٰكَ حَدِيثُ مُوسَىٰٓ ﴿١٥﴾

ا ع ٣

CC-0. In Public Domain. Digitization by eGangotri

إِذْ نَادَىٰهُ رَبُّهُۥ بِٱلْوَادِ ٱلْمُقَدَّسِ طُوًى ﴿١٦﴾

१६) जब उनका प्रभुले उनलाई पवित्र 'तुवा' उपत्यकामा डाके ।

ٱذْهَبْ إِلَىٰ فِرْعَوْنَ إِنَّهُۥ طَغَىٰ ﴿١٧﴾

१७) (र आदेश दिए) कि फ़िरऔनकहाँ जाऊ, किनभने ऊ उद्दण्ड भइसकेको छ ।

فَقُلْ هَل لَّكَ إِلَىٰٓ أَن تَزَكَّىٰ ﴿١٨﴾

१८) र उसलाई भन- "के तिमी शुद्ध हुन चाहन्छौ ?"

وَأَهْدِيَكَ إِلَىٰ رَبِّكَ فَتَخْشَىٰ ﴿١٩﴾

१९) "र के म तिमीलाई तिम्रा प्रभुतिर मार्ग दर्शन गरूँ ताकि तिमीभित्र उनको भय जागोस्" ?

فَأَرَىٰهُ ٱلْءَايَةَ ٱلْكُبْرَىٰ ﴿٢٠﴾

२०) अन्ततः मूसाले फ़िरऔनलाई ठूला निशानी देखाए ।

فَكَذَّبَ وَعَصَىٰ ﴿٢١﴾

२१) तर उसले असत्य ठहरायो र अवज्ञा गऱ्यो ।

ثُمَّ أَدْبَرَ يَسْعَىٰ ﴿٢٢﴾

२२) अनि फर्केर युक्ति (एवम् षडयन्त्र) गर्न थाल्यो ।

فَحَشَرَ فَنَادَىٰ ﴿٢٣﴾

२३) र सबैलाई एकत्रित गरी घोषणा गऱ्यो,

فَقَالَ أَنَا۠ رَبُّكُمُ ٱلْأَعْلَىٰ ﴿٢٤﴾

२४) भन्यो- "म तिमीहरूको परम प्रभु हुँ ।"

فَأَخَذَهُ ٱللَّهُ نَكَالَ ٱلْءَاخِرَةِ وَٱلْأُولَىٰٓ ﴿٢٥﴾

२५) अन्ततः अल्लाहले उसलाई लोक र परलोक (दुवै) मा दण्डित गरे ।

إِنَّ فِى ذَٰلِكَ لَعِبْرَةً لِّمَن يَخْشَىٰٓ ﴿٢٦﴾ ع

२६) निस्सन्देह ईश-भय राख्नेहरूको निम्ति यसमा ठूलो शिक्षा छ ।

ع ١ ٣

ءَأَنتُمْ أَشَدُّ خَلْقًا أَمِ ٱلسَّمَآءُ ۚ بَنَىٰهَا ﴿٢٧﴾

२७) तिमीहरूलाई सृष्टि गर्न कठिन छ कि आकाशलाई ? अल्लाहले नै त त्यसलाई बनाए ।

رَفَعَ سَمْكَهَا فَسَوَّىٰهَا ﴿٢٨﴾

२८) (र) उनले त्यस (आकाश) को छानालाई माथि उठाए र त्यसलाई सन्तुलित पारे ।

وَأَغْطَشَ لَيْلَهَا وَأَخْرَجَ ضُحَىٰهَا ﴿٢٩﴾

२९) उनैले रातलाई अन्धकारमय बनाए र (दिनमा) घाम झुल्काए ।

وَٱلْأَرْضَ بَعْدَ ذَٰلِكَ دَحَىٰهَآ ﴿٣٠﴾

३०) र त्यसपछि धर्तीलाई ओछ्याए ।

أَخْرَجَ مِنْهَا مَآءَهَا وَمَرْعَىٰهَا ﴿٣١﴾

३१) उनैले यस (धर्ती) बाट पानी र वालीनाली उमारे ।

CC-0. In Public Domain. Digitization by eGangotri

३२) र यसमाथि पर्वतहरूलाई स्थापित गरे ।
وَٱلْجِبَالَ أَرْسَىٰهَا ﴿٣٢﴾

३३) (यी सबै) तिमी र तिम्रा पशुहरूको जीविकाको लागि (गरे) ।
مَتَٰعًا لَّكُمْ وَلِأَنْعَٰمِكُمْ ﴿٣٣﴾

३४) जब महाप्रलय आउनेछ !
فَإِذَا جَآءَتِ ٱلطَّآمَّةُ ٱلْكُبْرَىٰ ﴿٣٤﴾

३५) त्यस दिन मानिसहरू आ-आफ्ना कर्महरू स्मरण गर्नेछन् ।
يَوْمَ يَتَذَكَّرُ ٱلْإِنسَٰنُ مَا سَعَىٰ ﴿٣٥﴾

३६) र प्रत्येक देख्ने व्यक्तिहरू समक्ष नर्कलाई प्रकट गरिनेछ ।
وَبُرِّزَتِ ٱلْجَحِيمُ لِمَن يَرَىٰ ﴿٣٦﴾

३७) अनि जसले उद्दण्डता देखाएको हुनेछ,
فَأَمَّا مَن طَغَىٰ ﴿٣٧﴾

३८) र सांसारिक जीवनलाई प्राथमिकता दिएको हुनेछ,
وَءَاثَرَ ٱلْحَيَوٰةَ ٱلدُّنْيَا ﴿٣٨﴾

३९) वास्तवमा नर्क नै (त्यसको) वास-स्थान हुनेछ ।
فَإِنَّ ٱلْجَحِيمَ هِىَ ٱلْمَأْوَىٰ ﴿٣٩﴾

४०) तर जो आफ्ना प्रभु सामु उपस्थित हुन डराउनेछ र स्वयम्लाई कुअभिलाषाबाट बचाउनेछ,
وَأَمَّا مَنْ خَافَ مَقَامَ رَبِّهِۦ وَنَهَى
ٱلنَّفْسَ عَنِ ٱلْهَوَىٰ ﴿٤٠﴾

४१) जन्नत (स्वर्ग) नै (उसको) वास-स्थान हुनेछ ।
فَإِنَّ ٱلْجَنَّةَ هِىَ ٱلْمَأْوَىٰ ﴿٤١﴾

४२) (हे सन्देष्टा!) मानिसहरू तिमीसंग महाप्रलयको आगमन कहिले हुनेछ भनी सोध्दछन् !
يَسْـَٔلُونَكَ عَنِ ٱلسَّاعَةِ أَيَّانَ مُرْسَىٰهَا ﴿٤٢﴾

४३) त्यस (महाप्रलय) को समय बताइरहनुसित तिम्रो के सरोकार ?
فِيمَ أَنتَ مِن ذِكْرَىٰهَآ ﴿٤٣﴾

४४) त्यस (महाप्रलय) को पूर्ण ज्ञान त तिम्रा प्रभुलाई मात्र छ ।
إِلَىٰ رَبِّكَ مُنتَهَىٰهَآ ﴿٤٤﴾

४५) महाप्रलयदेखि डराउनेलाई मात्रै त तिमी सचेत गर्न सक्छौ ।
إِنَّمَآ أَنتَ مُنذِرُ مَن يَخْشَىٰهَا ﴿٤٥﴾

४६) जुन दिन अधर्मीहरूले त्यस (महाप्रलय) को घडीलाई देख्नेछन्, (तिनीहरूलाई) यस्तो लागनेछ कि (संसारमा) एक बेलुकी वा एक विहानी मात्र बिताएका थिए ।
كَأَنَّهُمْ يَوْمَ يَرَوْنَهَا لَمْ يَلْبَثُوٓا۟ إِلَّا
عَشِيَّةً أَوْ ضُحَىٰهَا ﴿٤٦﴾ ع

٢ ع ٤

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अ ब स

(मक्कामा अवतरित–आयतहरू: ४२)

سورة عبس

مكية آياتها:42

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

१) (सन्देष्टा मुहम्मदले) आँखा तरे र मुख अर्कोतिर फर्काए,

عَبَسَ وَتَوَلَّىٰٓ ﴿١﴾

२) उनीसमक्ष अन्धो (मानिस) आयो भनेर ।

أَن جَآءَهُ ٱلْأَعْمَىٰ ﴿٢﴾

३) (हे मुहम्मद) तिमीलाई के थाहा, ऊ सुधिहाल्थ्यो कि !

وَمَا يُدْرِيكَ لَعَلَّهُۥ يَزَّكَّىٰٓ ﴿٣﴾

४) अथवा उपदेश ग्रहण गर्थ्यो जसले उसलाई लाभान्वित पार्थ्यो कि !

أَوْ يَذَّكَّرُ فَتَنفَعَهُ ٱلذِّكْرَىٰٓ ﴿٤﴾

५) तर जसले (तिम्रो कुनै) वास्तै गर्दैन,

أَمَّا مَنِ ٱسْتَغْنَىٰ ﴿٥﴾

६) त्यसतर्फ त तिमी पूर्ण ध्यान दिन्छौ !

فَأَنتَ لَهُۥ تَصَدَّىٰ ﴿٦﴾

७) जब कि त्यो (वास्ता नगर्ने व्यक्ति) नसुधिएमा तिमीमाथि उत्तरदायित्व (पनि) छैन ।

وَمَا عَلَيْكَ أَلَّا يَزَّكَّىٰ ﴿٧﴾

८) र जो (अन्धो व्यक्ति) तिमीकहाँ दगुर्दै आउँछ,

وَأَمَّا مَن جَآءَكَ يَسْعَىٰ ﴿٨﴾

९) र ऊ ईशभय पनि राख्दछ,

وَهُوَ يَخْشَىٰ ﴿٩﴾

१०) त्यसलाई तिमीले उपेक्षा गर्छौ !

فَأَنتَ عَنْهُ تَلَهَّىٰ ﴿١٠﴾

११) ठीक भएन, यो (कुरआन) त एउटा उपदेश हो ।

كَلَّآ إِنَّهَا تَذْكِرَةٌ ﴿١١﴾

१२) इच्छा हुनेले यसलाई ग्रहण गरोस् ।

فَمَن شَآءَ ذَكَرَهُۥ ﴿١٢﴾

१३) प्रतिष्ठित पानाहरूमा अङ्कित,

فِى صُحُفٍ مُّكَرَّمَةٍ ﴿١٣﴾

१४) उच्चकोटिका र पवित्र,

مَّرْفُوعَةٍ مُّطَهَّرَةٍۭ ﴿١٤﴾

१५) लिपिकारहरूको हातमा,

بِأَيْدِى سَفَرَةٍ ﴿١٥﴾

CC-0. In Public Domain. Digitization by eGangotri

१६)	जो आदरणीय तथा निष्ठावान छन् ।	كِرَامٍ بَرَرَةٍ ﴿١٦﴾
१७)	सत्यानाश मानवजातिको ! ऊ कति कृतघ्न छ !	قُتِلَ ٱلْإِنسَٰنُ مَآ أَكْفَرَهُۥ ﴿١٧﴾
१८)	उसलाई अल्लाहले कुन तत्वबाट सृष्टि गरे ?	مِنْ أَىِّ شَىْءٍ خَلَقَهُۥ ﴿١٨﴾
१९)	अल्लाहले वीर्यबाट उसको सृष्टि गरे अनि भाग्यनिर्धारण गरिदिए ।	مِن نُّطْفَةٍ خَلَقَهُۥ فَقَدَّرَهُۥ ﴿١٩﴾
२०)	र उसको लागि (जीवनयापनको) मार्ग सरल पारिदिए ।	ثُمَّ ٱلسَّبِيلَ يَسَّرَهُۥ ﴿٢٠﴾
२१)	अनि उसलाई मृत्यु दिए र चिहानसम्म पुऱ्याए ।	ثُمَّ أَمَاتَهُۥ فَأَقْبَرَهُۥ ﴿٢١﴾
२२)	फेरि जहिले चाहन्छन् (उसलाई) पुनर्जीवित पार्नेछन् ।	ثُمَّ إِذَا شَآءَ أَنشَرَهُۥ ﴿٢٢﴾
२३)	वास्तवमा अल्लाहले दिएको आदेशलाई उसले पूरा गरेन ।	كَلَّا لَمَّا يَقْضِ مَآ أَمَرَهُۥ ﴿٢٣﴾
२४)	मानिसले आफ्नो खाद्य पदार्थ हेरोस्,	فَلْيَنظُرِ ٱلْإِنسَٰنُ إِلَىٰ طَعَامِهِۦٓ ﴿٢٤﴾
२५)	निस्सन्देह हामीले नै प्रशस्त पानी वर्षायौं,	أَنَّا صَبَبْنَا ٱلْمَآءَ صَبًّا ﴿٢٥﴾
२६)	र भूमिलाई राम्ररी चिऱ्यौं,	ثُمَّ شَقَقْنَا ٱلْأَرْضَ شَقًّا ﴿٢٦﴾
२७)	अनि त्यसमा उब्जायौं अन्न-बाली,	فَأَنۢبَتْنَا فِيهَا حَبًّا ﴿٢٧﴾
२८)	र अंगुर एवं सब्जी-तरकारी,	وَعِنَبًا وَقَضْبًا ﴿٢٨﴾
२९)	र जैतुन एवं खजुर,	وَزَيْتُونًا وَنَخْلًا ﴿٢٩﴾
३०)	र घना बगैंचाहरू,	وَحَدَآئِقَ غُلْبًا ﴿٣٠﴾
३१)	र फलहरू एवं घाँस-पात !	وَفَٰكِهَةً وَأَبًّا ﴿٣١﴾
३२)	(यी सबै) तिमी र तिम्रा पशुहरूको (जीविकाको) लागि (हुन्) ।	مَّتَٰعًا لَّكُمْ وَلِأَنْعَٰمِكُمْ ﴿٣٢﴾
३३)	जुन दिन कर्कश ध्वनि (का साथ महाप्रलय) आउनेछ ,	فَإِذَا جَآءَتِ ٱلصَّآخَّةُ ﴿٣٣﴾

CC-0. In Public Domain. Digitization by eGangotri

३४) त्यस दिन मानिस टाढा भाग्नेछ आफ्ना दाजु-भाइदेखि,

يَوْمَ يَفِرُّ ٱلْمَرْءُ مِنْ أَخِيهِ ﴿٣٤﴾

३५) माता-पितादेखि,

وَأُمِّهِۦ وَأَبِيهِ ﴿٣٥﴾

३६) तथा पत्नी र सन्तानदेखि ।

وَصَٰحِبَتِهِۦ وَبَنِيهِ ﴿٣٦﴾

३७) त्यस दिन प्रत्येकको यस्तो अवस्था हुनेछ कि आफूसिवाय कसैको होश रहनेछैन ।

لِكُلِّ ٱمْرِيٍٕ مِّنْهُمْ يَوْمَئِذٍ شَأْنٌ يُغْنِيهِ ﴿٣٧﴾

३८) कतिपय मुहारहरू त्यस दिन उज्ज्वल हुनेछन् ।

وُجُوهٌ يَوْمَئِذٍ مُّسْفِرَةٌ ﴿٣٨﴾

३९) प्रफुल्ल र फक्रेका !

ضَاحِكَةٌ مُّسْتَبْشِرَةٌ ﴿٣٩﴾

४०) र कतिपय मुहारहरू त्यस दिन धुलो-मुलो युक्त (र मलिन) हुनेछन् ।

وَوُجُوهٌ يَوْمَئِذٍ عَلَيْهَا غَبَرَةٌ ﴿٤٠﴾

४१) तिनीहरूमाथि अँध्यारो छाएको हुनेछ ।

تَرْهَقُهَا قَتَرَةٌ ﴿٤١﴾

४२) यिनीहरू नै हुनेछन् काफिरहरू (अधर्मीहरू) र दुराचारीहरू !

أُوْلَٰٓئِكَ هُمُ ٱلْكَفَرَةُ ٱلْفَجَرَةُ ﴿٤٢﴾ ع

ع ١ ٤٢ ٥

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अत्तक्वीर

(मक्कामा अवतरित–आयतहरू: २९)

سورة التكوير

مكية آياتها:29

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

إِذَا ٱلشَّمْسُ كُوِّرَتْ ﴿١﴾

१) जब सूर्यलाई (समाप्त पार्न) बेरिनेछ !

وَإِذَا ٱلنُّجُومُ ٱنكَدَرَتْ ﴿٢﴾

२) र ताराहरू प्रकाशविहीन हुनेछन् !

وَإِذَا ٱلْجِبَالُ سُيِّرَتْ ﴿٣﴾

३) र पर्वतहरू गतिशील तुल्याइनेछन् !

وَإِذَا ٱلْعِشَارُ عُطِّلَتْ ﴿٤﴾

४) र दस महिनाकी गर्भिणी ऊँटनीहरू त्यागिनेछन् !

وَإِذَا ٱلْوُحُوشُ حُشِرَتْ ﴿٥﴾

५) र जंगली जनावरहरू एकत्रित गरिनेछन् !

وَإِذَا ٱلْبِحَارُ سُجِّرَتْ ﴿٦﴾

६) र समुद्रमा आगो दन्काइनेछ !

وَإِذَا ٱلنُّفُوسُ زُوِّجَتْ ﴿٧﴾

७) र आत्माहरू (शरीरसित पुनः) जोडिनेछन् !

وَإِذَا ٱلْمَوْءُۥدَةُ سُئِلَتْ ﴿٨﴾

८) र जिउँदै गाडिएकी बालिकालाई सोधिनेछ-

بِأَيِّ ذَنۢبٍ قُتِلَتْ ﴿٩﴾

९) कि कुन अपराधमा उसको हत्या गरिएको थियो ?!

وَإِذَا ٱلصُّحُفُ نُشِرَتْ ﴿١٠﴾

१०) र जब कर्म-पत्रहरू खोलिनेछन् !

وَإِذَا ٱلسَّمَآءُ كُشِطَتْ ﴿١١﴾

११) र आकाश (को पर्दा) लाई उदाङ्गो गरिनेछ !

وَإِذَا ٱلْجَحِيمُ سُعِّرَتْ ﴿١٢﴾

१२) र नर्कमा (आगो) दन्काइनेछ !

وَإِذَا ٱلْجَنَّةُ أُزْلِفَتْ ﴿١٣﴾

१३) र जब जन्नत (स्वर्ग) निकट ल्याइनेछ !

عَلِمَتْ نَفْسٌ مَّآ أَحْضَرَتْ ﴿١٤﴾

१४) त्यतिवेला प्रत्येक व्यक्ति आफूले के लिएर आएको छ, भन्ने (कुरा) जान्नेछ ।

فَلَآ أُقْسِمُ بِٱلْخُنَّسِ ﴿١٥﴾

१५) होइन, ती ताराहरूको कसम जो पछि हट्छन्,

ٱلْجَوَارِ ٱلْكُنَّسِ ﴿١٦﴾

१६) जो बढ्छन् र लुप्त हुन्छन् !

CC-0. In Public Domain. Digitization by eGangotri

१७) र कसम (छ) वित्नै लागेको रातको !	وَٱلَّيۡلِ إِذَا عَسۡعَسَ ﴿١٧﴾
१८) र उदाउँदो (झिस्मिसे) प्रभातको !	وَٱلصُّبۡحِ إِذَا تَنَفَّسَ ﴿١٨﴾
१९) निस्सन्देह यो वचन (कुरआन) एक प्रतिष्ठित दूत (जिब्रईलद्वारा ल्याइए) को हो ।	إِنَّهُۥ لَقَوۡلُ رَسُولٖ كَرِيمٖ ﴿١٩﴾
२०) जुन (दूत) सिंहासनका स्वामीकहाँ एक शक्तिशाली उच्च पदाधिकारी छन् ।	ذِي قُوَّةٍ عِندَ ذِي ٱلۡعَرۡشِ مَكِينٖ ﴿٢٠﴾
२१) (फ़रिश्ताहरूद्वारा) जस (दूत) को आज्ञा पालन गरिन्छ र जो ईमानदार छन् ।	مُّطَاعٖ ثَمَّ أَمِينٖ ﴿٢١﴾
२२) र (हे मक्कावासीहरू) तिम्रा साथी (मुहम्मद) पागल होइनन् ।	وَمَا صَاحِبُكُم بِمَجۡنُونٖ ﴿٢٢﴾
२३) उनले त्यस (दूत जिब्रईल) लाई खुला क्षितिजमा देखेका हुन् ।	وَلَقَدۡ رَءَاهُ بِٱلۡأُفُقِ ٱلۡمُبِينِ ﴿٢٣﴾
२४) र उनी अदृश्य (को यस) ज्ञानलाई पुऱ्याउनमा कन्जुस छैनन् ।	وَمَا هُوَ عَلَى ٱلۡغَيۡبِ بِضَنِينٖ ﴿٢٤﴾
२५) र यो (कुरआन) कुनै तिरस्कृत शैतानको कथन होइन ।	وَمَا هُوَ بِقَوۡلِ شَيۡطَٰنٖ رَّجِيمٖ ﴿٢٥﴾
२६) र पनि तिमीहरू (अधर्मीहरू) कता लाग्दैछौ ?	فَأَيۡنَ تَذۡهَبُونَ ﴿٢٦﴾
२७) यो त सम्पूर्ण संसारवासीहरूको लागि उपदेश-पत्र हो !	إِنۡ هُوَ إِلَّا ذِكۡرٞ لِّلۡعَٰلَمِينَ ﴿٢٧﴾
२८) तिमीहरू मध्ये सीधा मार्गमा हिँड्न चाहनेहरूका लागि ।	لِمَن شَآءَ مِنكُمۡ أَن يَسۡتَقِيمَ ﴿٢٨﴾
२९) र सम्पूर्ण संसारका प्रभुको इच्छा वाहेक तिम्रो कुनै इच्छा हुन सक्दैन ।	وَمَا تَشَآءُونَ إِلَّآ أَن يَشَآءَ ٱللَّهُ رَبُّ ٱلۡعَٰلَمِينَ ﴿٢٩﴾ ع

ع ١ ٢

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-इन्फ़ितार

(मक्कामा अवतरित–आयतहरू: १९)

سورة الانفطار

مكية آياتها:19

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) जब आकाश चर्किनेछ ।

إِذَا السَّمَاءُ انفَطَرَتْ ﴿١﴾

२) जब ताराहरू झर्नेछन् ।

وَإِذَا الْكَوَاكِبُ انتَثَرَتْ ﴿٢﴾

३) जब समुद्रहरू बगाइनेछन् ।

وَإِذَا الْبِحَارُ فُجِّرَتْ ﴿٣﴾

४) र जब चिहानहरू खोलिनेछन् ।

وَإِذَا الْقُبُورُ بُعْثِرَتْ ﴿٤﴾

५) (तब) प्रत्येक व्यक्तिले अगाडि पठाएका र पछाडि छाडेका (कर्महरूबारे) थाहा पाउनेछ !

عَلِمَتْ نَفْسٌ مَّا قَدَّمَتْ وَأَخَّرَتْ ﴿٥﴾

६) हे मानव ! केले तिमीलाई आफ्ना उदार प्रभु बारे भ्रममा पारेको छ ?

يَا أَيُّهَا الْإِنسَانُ مَا غَرَّكَ بِرَبِّكَ الْكَرِيمِ ﴿٦﴾

७) (त्यस प्रभुकोबारे) जसले तिम्रो सृष्टि गरे, (तिम्रा अंगहरूलाई) मिलाए र सन्तुलित पारे ।

الَّذِي خَلَقَكَ فَسَوَّاكَ فَعَدَلَكَ ﴿٧﴾

८) जुन रूपमा इच्छा गरे त्यसै रूपमा तिमीलाई ढाले ।

فِي أَيِّ صُورَةٍ مَّا شَاءَ رَكَّبَكَ ﴿٨﴾

९) कदापि होइन, बरु तिमीहरू अन्तिम निर्णयको दिनलाई असत्य ठहर गर्छौ ।

كَلَّا بَلْ تُكَذِّبُونَ بِالدِّينِ ﴿٩﴾

१०) जब कि तिमीहरूमाथि निगरानी गर्नेहरू (फरिश्ताहरू) नियुक्त छन् ।

وَإِنَّ عَلَيْكُمْ لَحَافِظِينَ ﴿١٠﴾

११) (जो) प्रतिष्ठित (छन्) र तिम्रा गतिविधिहरूलाई लिपिवद्ध गर्नेवाला छन् ।

كِرَامًا كَاتِبِينَ ﴿١١﴾

१२) (जो) तिमीहरूले गर्ने गरेका कार्य जान्दछन् ।

يَعْلَمُونَ مَا تَفْعَلُونَ ﴿١٢﴾

१३) निस्सन्देह सत्कर्मीहरू (स्वर्गको) अनुग्रह अन्तर्गत हुनेछन् ।

إِنَّ الْأَبْرَارَ لَفِي نَعِيمٍ ﴿١٣﴾

CC-0. In Public Domain. Digitization by eGangotri

وَإِنَّ ٱلْفُجَّارَ لَفِى جَحِيمٍ ﴿١٤﴾

१४) र निस्सन्देह दुष्कर्मीहरू नर्कमा हुनेछन् !

يَصْلَوْنَهَا يَوْمَ ٱلدِّينِ ﴿١٥﴾

१५) (अर्थात) अन्तिम निर्णयको दिन उनीहरू त्यसमा जाकिनेछन् ।

وَمَا هُمْ عَنْهَا بِغَآئِبِينَ ﴿١٦﴾

१६) र त्यहाँबाट कहिल्यै उम्कन सक्नेछैनन् ।

وَمَآ أَدْرَىٰكَ مَا يَوْمُ ٱلدِّينِ ﴿١٧﴾

१७) र अन्तिम निर्णयको दिन के कस्तो छ तिमीहरूलाई के थाहा ?

ثُمَّ مَآ أَدْرَىٰكَ مَا يَوْمُ ٱلدِّينِ ﴿١٨﴾

१८) हो, के थाहा तिमीहरूलाई के कस्तो छ अन्तिम निर्णयको दिन ?

يَوْمَ لَا تَمْلِكُ نَفْسٌ لِّنَفْسٍ شَيْـًٔا ۖ
وَٱلْأَمْرُ يَوْمَئِذٍ لِّلَّهِ ﴿١٩﴾ ع

١ ع ١٩ ٧

१९) (त्यो दिन यस्तो हुन्छ कि) त्यस दिन कसैलाई पनि कसैका लागि केही गर्न सक्ने अधिकार हुनेछैन, र त्यस दिन सम्पूर्ण आदेशहरू अल्लाहकै हुनेछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-मुतफ़्फ़िफ़ीन

(मक्कामा अवतरित–आयतहरू: ३६)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) नाप-तौलमा घटाएर दिनेहरूको सर्वनाश होस् !

२) जो मानिसहरूबाट लिँदा त पूरापूरा नापेर लिन्छन्,

३) तर अरूहरूलाई नापतौल गरेर दिँदा कम गरेर दिन्छन् ।

४) पुनर्जीवित हुनुपर्छ भनेर के यिनीहरूले बुझेका छैनन् ?

५) एक महान दिनमा !

६) त्यस दिन (सबै) मानिसहरू जगतका प्रभुसमक्ष उभिनेछन् ।

७) निश्चय नै, दुष्कर्मीहरूको कर्म-पत्र 'सिज्जीनमा' छ ।

८) र 'सिज्जीन' भनेको के हो तिमीहरूलाई के थाहा ?!

९) एक लिखित अभिलेख (हो 'सिज्जीन') ।

१०) त्यस दिन मिथ्याचारीहरूको सर्वनाश हुनेछ,

११) जो न्यायको दिनलाई मिथ्या ठहर गर्छन् ।

१२) र त्यसलाई मिथ्या ठहर गर्ने सीमोल्लंघनकारी एवम् दुष्कर्मी व्यक्ति मात्रै हो ।

१३) हाम्रा आयतहरू (श्लोकहरू) लाई पढेर सुनाउँदा ऊ (त्यसलाई) अतीतका कथा मात्र हो भन्छ ।

سورة المطففين

مكية آياتها:36

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

وَيْلٌ لِّلْمُطَفِّفِينَ ١

ٱلَّذِينَ إِذَا ٱكْتَالُوا۟ عَلَى ٱلنَّاسِ يَسْتَوْفُونَ ٢

وَإِذَا كَالُوهُمْ أَو وَّزَنُوهُمْ يُخْسِرُونَ ٣

أَلَا يَظُنُّ أُو۟لَٰٓئِكَ أَنَّهُم مَّبْعُوثُونَ ٤

لِيَوْمٍ عَظِيمٍ ٥

يَوْمَ يَقُومُ ٱلنَّاسُ لِرَبِّ ٱلْعَٰلَمِينَ ٦

كَلَّآ إِنَّ كِتَٰبَ ٱلْفُجَّارِ لَفِى سِجِّينٍ ٧

وَمَآ أَدْرَىٰكَ مَا سِجِّينٌ ٨

كِتَٰبٌ مَّرْقُومٌ ٩

وَيْلٌ يَوْمَئِذٍ لِّلْمُكَذِّبِينَ ١٠

ٱلَّذِينَ يُكَذِّبُونَ بِيَوْمِ ٱلدِّينِ ١١

وَمَا يُكَذِّبُ بِهِۦٓ إِلَّا كُلُّ مُعْتَدٍ أَثِيمٍ ١٢

إِذَا تُتْلَىٰ عَلَيْهِ ءَايَٰتُنَا قَالَ أَسَٰطِيرُ ٱلْأَوَّلِينَ ١٣

CC-0. In Public Domain. Digitization by eGangotri

كَلَّا ۖ بَلْ ۜ رَانَ عَلَىٰ قُلُوبِهِم مَّا كَانُوا۟ يَكْسِبُونَ ﴿١٤﴾

१४) कदापि होइन ! तिनीहरूले गरेको दुष्कर्मको कारण नै तिनीहरूको हृदयमा खिया परेको छ ।

كَلَّآ إِنَّهُمْ عَن رَّبِّهِمْ يَوْمَئِذٍ لَّمَحْجُوبُونَ ﴿١٥﴾

१५) निस्सन्देह, त्यस दिन तिनीहरू प्रभु (को दर्शन) वाट वन्चित गरिनेछन् ।

ثُمَّ إِنَّهُمْ لَصَالُوا۟ ٱلْجَحِيمِ ﴿١٦﴾

१६) र तिनीहरू निश्चय नै नर्कमा जाकिनेछन् ।

ثُمَّ يُقَالُ هَـٰذَا ٱلَّذِى كُنتُم بِهِۦ تُكَذِّبُونَ ﴿١٧﴾

१७) र तिनीहरूलाई भनिनेछ- "यो त्यही हो जसलाई तिमीहरू असत्य ठान्दथ्यौ ।"

كَلَّآ إِنَّ كِتَـٰبَ ٱلْأَبْرَارِ لَفِى عِلِّيِّينَ ﴿١٨﴾

१८) निस्सन्देह, सत्कर्मीहरूको कर्म-पत्र 'इल्यि्यीन' मा छ ।

وَمَآ أَدْرَىٰكَ مَا عِلِّيُّونَ ﴿١٩﴾

१९) र 'इल्लियय्ीन' भनेको के हो तिमीहरूलाई के थाहा ?

كِتَـٰبٌ مَّرْقُومٌ ﴿٢٠﴾

२०) एक लिखित अभिलेख (हो 'इल्लियय्ीन') !

يَشْهَدُهُ ٱلْمُقَرَّبُونَ ﴿٢١﴾

२१) यस लिखित अभिलेख समीप अल्लाहका निकटतम फरिश्ताहरू (दूतहरू) उपस्थित रहन्छन् ।

إِنَّ ٱلْأَبْرَارَ لَفِى نَعِيمٍ ﴿٢٢﴾

२२) निस्सन्देह सत्कर्मीहरू अल्लाहको अनुग्रहअन्तर्गत हुनेछन् ।

عَلَى ٱلْأَرَآئِكِ يَنظُرُونَ ﴿٢٣﴾

२३) उच्चासनमा बसेर तिनीहरू अवलोकन गरिरहनेछन् ।

تَعْرِفُ فِى وُجُوهِهِمْ نَضْرَةَ ٱلنَّعِيمِ ﴿٢٤﴾

२४) तिनका अनुहारमा आनन्दको आभा (धप्प बलेको) देखेर तिमीले चिनिहाल्नेछौ ।

يُسْقَوْنَ مِن رَّحِيقٍ مَّخْتُومٍ ﴿٢٥﴾

२५) उनीहरूलाई सिलवन्द र शुद्ध पेय पान गराइनेछ ,

خِتَـٰمُهُۥ مِسْكٌ ۚ وَفِى ذَٰلِكَ فَلْيَتَنَافَسِ ٱلْمُتَنَـٰفِسُونَ ﴿٢٦﴾

२६) जसमा कस्तूरीको छाप हुनेछ । (अल्लाहको अनुग्रहका) अभिलापीहरूले त्यसैको अभिलाषा गरून् !

CC-0. In Public Domain. Digitization by eGangotri

وَمِزَاجُهُۥ مِن تَسْنِيمٍ ﴿٢٧﴾

२७) त्यस पेयमा 'तस्नीम' को मिश्रण हुनेछ ।

عَيْنًا يَشْرَبُ بِهَا ٱلْمُقَرَّبُونَ ﴿٢٨﴾

२८) ('तस्नीम' भनेको अल्लाहका) निकटतम भक्तजनहरूले पिउने (पानीको) मूल हो ।

إِنَّ ٱلَّذِينَ أَجْرَمُوا۟ كَانُوا۟ مِنَ
ٱلَّذِينَ ءَامَنُوا۟ يَضْحَكُونَ ﴿٢٩﴾

२९) निस्सन्देह पापीहरू (अधर्मीहरू) संसारमा मुमिनहरू(आस्थावानहरू) को उपहास गर्दथे ।

وَإِذَا مَرُّوا۟ بِهِمْ يَتَغَامَزُونَ ﴿٣٠﴾

३०) र तिनीहरूको छेउबाट हिँड्दा आँखा झिम्काउँदै तिनीहरूतर्फ संकेत गर्दथे ।

وَإِذَا ٱنقَلَبُوٓا۟ إِلَىٰٓ أَهْلِهِمُ ٱنقَلَبُوا۟
فَكِهِينَ ﴿٣١﴾

३१) आफन्ततर्फ फर्कंदा तिनीहरू ख्याल ठट्टा गर्दथे ।

وَإِذَا رَأَوْهُمْ قَالُوٓا۟ إِنَّ هَٰٓؤُلَآءِ
لَضَآلُّونَ ﴿٣٢﴾

३२) र यिनीहरू (मुस्लिमहरू) लाई भेट्दा- "निश्चय नै यी पथभ्रष्ट व्यक्ति हुन्" भन्दथे ।

وَمَآ أُرْسِلُوا۟ عَلَيْهِمْ حَٰفِظِينَ ﴿٣٣﴾

३३) जवकि तिनीहरू आस्थावानहरूका निरीक्षक नियुक्त गरिएका थिएनन् !

فَٱلْيَوْمَ ٱلَّذِينَ ءَامَنُوا۟ مِنَ ٱلْكُفَّارِ
يَضْحَكُونَ ﴿٣٤﴾

३४) अनि आज (अर्थात् मरणोत्तर जीवनमा) मुमिनहरू (आस्थावानहरू) यी काफ़िरहरू (अधर्मीहरू) माथि हाँस्नेछन् ।

عَلَى ٱلْأَرَآئِكِ يَنظُرُونَ ﴿٣٥﴾

३५) उच्चासनमा बसेर अवलोकन गरिरहनेछन् ।

هَلْ ثُوِّبَ ٱلْكُفَّارُ مَا كَانُوا۟ يَفْعَلُونَ ﴿٣٦﴾ ع ١ ٨

ع

३६) काफ़िरहरू (अधमीहरू) ले आफूले गरेका कार्यहरूको पूरा फल पाएनन् त !

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-इन्शिक़ाक़

(मक्कामा अवतरित–आयतहरू: २५)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) जब आकाश चर्किनेछ ।

२) र आफ्ना प्रभुको आज्ञापालन गर्नेछ जुन गर्नै पर्ने हो ।

३) तथा जब धर्तीलाई फैलाइनेछ ।

४) र धर्तीले आफूभित्र भए जतिलाई ओकल्नेछ र रित्तो हुनेछ !

५) र आफ्ना प्रभुको आज्ञापालन गर्नेछ जुन गर्नै पर्ने हो ।

६) हे मानव ! तिमी आफ्ना प्रभुतर्फ जाने प्रयास गरिरहेका छौ र अन्ततः उनीसंग भेट्नेछौ ।

७) अनि जसलाई उसको कर्म-पत्र दाहिने हातमा दिइनेछ

८) त्यस (सत्कर्मी) बाट सरलतापूर्वक हिसाब लिइनेछ ।

९) र ऊ आफ्नो परिवारमा हर्षोल्लासका साथ फर्कनेछ ।

१०) तर जसलाई उसको कर्म-पत्र पिठ्युँपछिबाट दिइनेछ,

११) उसले मृत्यूलाई बोलाउनेछ ।

१२) र ऊ दनदनाउँदो अग्निमा जाकिनेछ ।

१३) निस्सन्देह ऊ (संसारमा) आफन्तहरूसित मोजमस्तीसाथ वस्दथ्यो ।

१४) र उसले आफू (अल्लाहतर्फ) कहिल्यै फर्केर जाने छैन भने ठानेको थियो ।

سورة الانشقاق

مكية آياتها:25

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

إِذَا ٱلسَّمَآءُ ٱنشَقَّتۡ ١

وَأَذِنَتۡ لِرَبِّهَا وَحُقَّتۡ ٢

وَإِذَا ٱلۡأَرۡضُ مُدَّتۡ ٣

وَأَلۡقَتۡ مَا فِيهَا وَتَخَلَّتۡ ٤

وَأَذِنَتۡ لِرَبِّهَا وَحُقَّتۡ ٥

يَٰٓأَيُّهَا ٱلۡإِنسَٰنُ إِنَّكَ كَادِحٌ إِلَىٰ
رَبِّكَ كَدۡحٗا فَمُلَٰقِيهِ ٦

فَأَمَّا مَنۡ أُوتِيَ كِتَٰبَهُۥ بِيَمِينِهِۦ ٧

فَسَوۡفَ يُحَاسَبُ حِسَابٗا يَسِيرٗا ٨

وَيَنقَلِبُ إِلَىٰٓ أَهۡلِهِۦ مَسۡرُورٗا ٩

وَأَمَّا مَنۡ أُوتِيَ كِتَٰبَهُۥ وَرَآءَ ظَهۡرِهِۦ ١٠

فَسَوۡفَ يَدۡعُواْ ثُبُورٗا ١١

وَيَصۡلَىٰ سَعِيرًا ١٢

إِنَّهُۥ كَانَ فِيٓ أَهۡلِهِۦ مَسۡرُورًا ١٣

إِنَّهُۥ ظَنَّ أَن لَّن يَحُورَ ١٤

CC-0. In Public Domain. Digitization by eGangotri

१५) किन न होस् ! जब कि प्रभुले उसलाई देखिराखेकै थिए ।	بَلَىٰٓ إِنَّ رَبَّهُۥ كَانَ بِهِۦ بَصِيرًا ﴿١٥﴾
१६) सन्ध्याको रक्तिम आभाको क़सम !	فَلَآ أُقْسِمُ بِٱلشَّفَقِ ﴿١٦﴾
१७) र रात तथा रातले (ढपक्कै) ढाकेका सम्पूर्ण वस्तुहरूको क़सम !	وَٱلَّيْلِ وَمَا وَسَقَ ﴿١٧﴾
१८) पूर्ण हुने चन्द्रमाको क़सम !	وَٱلْقَمَرِ إِذَا ٱتَّسَقَ ﴿١٨﴾
१९) तिमी अवश्य नै एक अवस्थाबाट अर्को अवस्थातिर बढ्नेछौ ।	لَتَرْكَبُنَّ طَبَقًا عَن طَبَقٍ ﴿١٩﴾
२०) (ओहो) तिनीहरूलाई के भएको छ र तिनीहरू (अल्लाहमाथि) ईमान (आस्था) ल्याउँदैनन् ।	فَمَا لَهُمْ لَا يُؤْمِنُونَ ﴿٢٠﴾
२१) र तिनीहरूसमक्ष क़ुरआनको पाठ गरिँदा नतमस्तक हुँदैनन् !	وَإِذَا قُرِئَ عَلَيْهِمُ ٱلْقُرْءَانُ لَا يَسْجُدُونَ ۩ ﴿٢١﴾
२२) अपितु (ती) काफ़िरहरू (अधर्मीहरू यसलाई) असत्य ठहर गर्दछन् !	بَلِ ٱلَّذِينَ كَفَرُوا۟ يُكَذِّبُونَ ﴿٢٢﴾
२३) र यिनीहरूले मनमा लुकाउने कुरासँग अल्लाह विज्ञ छन् ।	وَٱللَّهُ أَعْلَمُ بِمَا يُوعُونَ ﴿٢٣﴾
२४) अतः उनीहरूलाई दुखद यातनाको शुभ-सूचना सुनाइदेऊ !	فَبَشِّرْهُم بِعَذَابٍ أَلِيمٍ ﴿٢٤﴾
२५) परन्तु मुमिन (आस्थावान) तथा सत्कर्मीहरूका निम्ति अनन्त प्रतिदान रहेको छ ।	إِلَّا ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ لَهُمْ أَجْرٌ غَيْرُ مَمْنُونٍ ﴿٢٥﴾ ع

١ ع ٢٥ ٩

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-बुरूज

(मक्कामा अवतरित–आयतहरू: २२)

سورة البروج

مكية آياتها:22

شुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

१) ताराहरूको महलयुक्त आकाशको कसम !

وَٱلسَّمَآءِ ذَاتِ ٱلْبُرُوجِ ﴿١﴾

२) वाचा गरिएको दिनको क़सम !

وَٱلْيَوْمِ ٱلْمَوْعُودِ ﴿٢﴾

३) र हाजिर हुने तथा हाजिर गरिनेको क़सम !

وَشَاهِدٍ وَمَشْهُودٍ ﴿٣﴾

४) नाश गरिए खाडल (खन्ने) वालाहरू !

قُتِلَ أَصْحَٰبُ ٱلْأُخْدُودِ ﴿٤﴾

५) (अर्थात्) दन्दनाउँदो अग्नियुक्त खाडल ।

ٱلنَّارِ ذَاتِ ٱلْوَقُودِ ﴿٥﴾

६) जब कि तिनीहरू त्यसका वरिपरि बसेका थिए ।

إِذْ هُمْ عَلَيْهَا قُعُودٌ ﴿٦﴾

७) र मुमिनहरू (आस्थावानहरू) साथ जे (कष्टपूर्ण कार्य) गरिरहेका थिए त्यसका तिनीहरू (अधर्मीहरू) स्वयम् साक्षी बनेका थिए ।

وَهُمْ عَلَىٰ مَا يَفْعَلُونَ بِٱلْمُؤْمِنِينَ شُهُودٌ ﴿٧﴾

८) र मुमिनहरू (आस्थावानहरू) ले प्रभुत्वशाली एवम् प्रशंसनीय अल्लाहमाथि ईमान (आस्था) राखेका कारण काफ़िरहरू (अधर्मीहरू) ले तिनीहरूसंग वदला लिए ।

وَمَا نَقَمُوا۟ مِنْهُمْ إِلَّآ أَن يُؤْمِنُوا۟ بِٱللَّهِ ٱلْعَزِيزِ ٱلْحَمِيدِ ﴿٨﴾

९) जसको अधीनमा आकाश र पृथ्वीको राज्य रहेको छ, र सम्पूर्ण वस्तुहरूको साक्षी पनि अल्लाह नै छन् ।

ٱلَّذِى لَهُۥ مُلْكُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ وَٱللَّهُ عَلَىٰ كُلِّ شَىْءٍ شَهِيدٌ ﴿٩﴾

१०) निस्सन्देह मुमिन (आस्थावान) नर-नारीहरूलाई सताएर प्रायश्चित नगर्नेहरूका लागि नर्क र दन्दनाउँदो आगोको यातना छ ।

إِنَّ ٱلَّذِينَ فَتَنُوا۟ ٱلْمُؤْمِنِينَ وَٱلْمُؤْمِنَٰتِ ثُمَّ لَمْ يَتُوبُوا۟ فَلَهُمْ عَذَابُ جَهَنَّمَ وَلَهُمْ عَذَابُ ٱلْحَرِيقِ ﴿١٠﴾

CC-0. In Public Domain. Digitization by eGangotri

إِنَّ ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟ ٱلصَّـٰلِحَـٰتِ لَهُمْ جَنَّـٰتٌ تَجْرِى مِن تَحْتِهَا ٱلْأَنْهَـٰرُ ۚ ذَٰلِكَ ٱلْفَوْزُ ٱلْكَبِيرُ ﴿١١﴾

११) निस्सन्देह ईमान (आस्था) राख्ने र सत्कर्म गर्नेहरूका लागि यस्ता बगैंचाहरू छन् जसको तलतिरबाट नदीहरू (कलकल) बगिरहेका हुनेछन् । र यही महान सफलता हो ।

إِنَّ بَطْشَ رَبِّكَ لَشَدِيدٌ ﴿١٢﴾

१२) निश्चय नै तिम्रा प्रभुको पकड अत्यन्तै कडा छ ।

إِنَّهُۥ هُوَ يُبْدِئُ وَيُعِيدُ ﴿١٣﴾

१३) प्रथम पटक प्रभु नै सिर्जना गर्छन् र फेरि पनि उनैले सिर्जना गर्नेछन् ।

وَهُوَ ٱلْغَفُورُ ٱلْوَدُودُ ﴿١٤﴾

१४) र उनी अति क्षमाशील र स्नेही छन् ।

ذُو ٱلْعَرْشِ ٱلْمَجِيدُ ﴿١٥﴾

१५) राजसिंहासनका स्वामी (र) महान छन् !

فَعَّالٌ لِّمَا يُرِيدُ ﴿١٦﴾

१६) उनले चाहेको कुरा गरेरै छाड्छन् ।

هَلْ أَتَىٰكَ حَدِيثُ ٱلْجُنُودِ ﴿١٧﴾

१७) के तिमीलाई सैनिकहरूको खबर पुग्यो ?

فِرْعَوْنَ وَثَمُودَ ﴿١٨﴾

१८) (अर्थात्) 'फ़िरऔन' र 'समूद' (का सैनिक)हरू को ?

بَلِ ٱلَّذِينَ كَفَرُوا۟ فِى تَكْذِيبٍ ﴿١٩﴾

१९) वरु काफ़िरहरू (अधर्मीहरू) जानी जानी अस्वीकार गर्नमै मग्न छन् ।

وَٱللَّهُ مِن وَرَآئِهِم مُّحِيطٌۢ ﴿٢٠﴾

२०) र अल्लाहले पनि उनीहरूलाई चारैतिरबाट घेरिराखेका छन् ।

بَلْ هُوَ قُرْءَانٌ مَّجِيدٌ ﴿٢١﴾

२१) (मिथ्या होइन) वरु यो उच्च कोटिको कुरआन हो ।

فِى لَوْحٍ مَّحْفُوظٍۭ ﴿٢٢﴾ ع

२२) (जो) सुरक्षित पाटीमा (अङ्कित गरिएको छ) ।

ع ٢٢ ١٠

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अत्तारिक्

(मक्कामा अवतरित–आयतहरू: १७)

سورة الطارق

مكية آياتها:17

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

१) आकाशको र 'रातको आगन्तुक' को क़सम !

وَٱلسَّمَآءِ وَٱلطَّارِقِ ١

२) 'रातको आगन्तुक' भनेको के हो, तिमीलाई के थाहा !

وَمَآ أَدۡرَىٰكَ مَا ٱلطَّارِقُ ٢

३) चम्किलो तारा हो (रातको आगन्तुक) ।

ٱلنَّجۡمُ ٱلثَّاقِبُ ٣

४) आफूसँग निरीक्षक (फरिश्ता) न भएको कुनै पनि व्यक्ति छैन ।

إِن كُلُّ نَفۡسٖ لَّمَّا عَلَيۡهَا حَافِظٞ ٤

५) अत: आफूलाई कुन बस्तुबाट सृष्टि गरिएको छ भन्ने मानिसले विचार गर्नु पर्ने हो ।

فَلۡيَنظُرِ ٱلۡإِنسَٰنُ مِمَّ خُلِقَ ٥

६) छचल्कँदो (बेग़वान) पानीबाट मानिसलाई सृष्टि गरिएको छ ।

خُلِقَ مِن مَّآءٖ دَافِقٖ ٦

७) जुन पानी पिठ्युँ र छातीको हड्डीको बीचबाट निस्कने गर्छ ।

يَخۡرُجُ مِنۢ بَيۡنِ ٱلصُّلۡبِ وَٱلتَّرَآئِبِ ٧

८) निस्सन्देह अल्लाह उसलाई फर्काउन (अर्थात् पुनर्जीवित गर्न) सक्षम छन् ।

إِنَّهُۥ عَلَىٰ رَجۡعِهِۦ لَقَادِرٞ ٨

९) जुन दिन गुप्त भेदहरूको परीक्षण हुनेछ !

يَوۡمَ تُبۡلَى ٱلسَّرَآئِرُ ٩

१०) त्यस बेला उसको न कुनै शक्ति हुनेछ न कुनै सहायक नै हुनेछ ।

فَمَا لَهُۥ مِن قُوَّةٖ وَلَا نَاصِرٖ ١٠

११) पानी वर्साउने आकाशको क़सम !

وَٱلسَّمَآءِ ذَاتِ ٱلرَّجۡعِ ١١

१२) र चर्किने धर्तीको क़सम !

وَٱلۡأَرۡضِ ذَاتِ ٱلصَّدۡعِ ١٢

१३) निस्सन्देह यो (कुरआन) निर्णायक वाणी हो ।

إِنَّهُۥ لَقَوۡلٞ فَصۡلٞ ١٣

१४) यो कुनै ठट्यौली होइन ।

وَمَا هُوَ بِٱلۡهَزۡلِ ١٤

CC-0. In Public Domain. Digitization by eGangotri

१५)	(यी) अधर्मीहरू चाल चलिरहेका छन् ।	إِنَّهُمْ يَكِيدُونَ كَيْدًا ﴿١٥﴾
१६)	र म (पनि) योजना वनाइरहेको छु ।	وَأَكِيدُ كَيْدًا ﴿١٦﴾
१७)	अत: हे सन्देष्टा छाडिदेऊ (यी) काफ़िरहरू (अधर्मीहरू) लाई, केही दिनको लागि म्याद दिएर (यसै अवस्थामा) छाडिदेऊ ।	فَمَهِّلِ الْكَافِرِينَ أَمْهِلْهُمْ رُوَيْدًا ﴿١٧﴾ ع

ع ١

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-अअ्ला

(मक्कामा अवतरित–आयतहरू: १९)

سورة الأعلى

مكية آياتها:19

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

سَبِّحِ ٱسْمَ رَبِّكَ ٱلْأَعْلَى ﴿١﴾

१) (हे सन्देष्टा !) आफ्ना सर्वोच्च प्रभुको नामको पवित्रता वर्णन गर ।

ٱلَّذِى خَلَقَ فَسَوَّىٰ ﴿٢﴾

२) जसले सृष्टि गरे अनि (अंग-प्रत्यंग) मिलाए !

وَٱلَّذِى قَدَّرَ فَهَدَىٰ ﴿٣﴾

३) र भाग्यनिर्धारण र मार्ग दर्शन गरे !

وَٱلَّذِىٓ أَخْرَجَ ٱلْمَرْعَىٰ ﴿٤﴾

४) र जसले (ताजा) बालीनाली उमारे !

فَجَعَلَهُۥ غُثَآءً أَحْوَىٰ ﴿٥﴾

५) त्यसपछि त्यसलाई कालो रङ्गको पातपतिङ्गर बनाइदिए ।

سَنُقْرِئُكَ فَلَا تَنسَىٰٓ ﴿٦﴾

६) हामी तिमीलाई पढाउनेछौं र तिमी (पढाएको कुरा) भुल्नेछैनौ ।

إِلَّا مَا شَآءَ ٱللَّهُ ۚ إِنَّهُۥ يَعْلَمُ ٱلْجَهْرَ وَمَا يَخْفَىٰ ﴿٧﴾

७) सिवाय त्यो कुरा (मात्र भुल्नेछौ) जुन अल्लाहले चाहन्छन् । निश्चय नै उनी प्रकट र गुप्त (रहेका कुरा) लाई जान्दछन् ।

وَنُيَسِّرُكَ لِلْيُسْرَىٰ ﴿٨﴾

८) र हामी तिम्रा लागि सजिलो तरिकाको अवसर प्रदान गर्नेछौं ।

فَذَكِّرْ إِن نَّفَعَتِ ٱلذِّكْرَىٰ ﴿٩﴾

९) अत: हे सन्देष्टा उपदेश लाभदायक भएसम्म उपदेश-कार्य जारी राख ।

سَيَذَّكَّرُ مَن يَخْشَىٰ ﴿١٠﴾

१०) (ईश) भय राख्ने व्यक्तिले त उपदेश ग्रहण गर्नेछ ।

وَيَتَجَنَّبُهَا ٱلْأَشْقَى ﴿١١﴾

११) तर अभागी त्यसबाट तर्केर भाग्नेछ ।

ٱلَّذِى يَصْلَى ٱلنَّارَ ٱلْكُبْرَىٰ ﴿١٢﴾

१२) जो विशाल अग्निकुण्डमा पर्नेछ ।

ثُمَّ لَا يَمُوتُ فِيهَا وَلَا يَحْيَىٰ ﴿١٣﴾

१३) जहाँ ऊ न मर्नेछ न जिउने नै छ ।

قَدْ أَفْلَحَ مَن تَزَكَّىٰ ﴿١٤﴾

१४) निस्सन्देह त्यो सफल भयो जसले पवित्रता ग्रहण गर्‍यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

وَذَكَرَ ٱسْمَ رَبِّهِۦ فَصَلَّىٰ ﴿١٥﴾

१५) तथा आफ्ना प्रभुको नाम जपी राख्यो र नमाज़ पढ्यो ।

بَلْ تُؤْثِرُونَ ٱلْحَيَوٰةَ ٱلدُّنْيَا ﴿١٦﴾

१६) तर तिमीहरू त (अस्थायी) सांसारिक जीवनलाई प्राथमिकता दिन्छौ ।

وَٱلْـَٔاخِرَةُ خَيْرٌ وَأَبْقَىٰٓ ﴿١٧﴾

१७) जबकि परलोक (नै) अति उत्तम र चिरस्थायी छ ।

إِنَّ هَٰذَا لَفِى ٱلصُّحُفِ ٱلْأُولَىٰ ﴿١٨﴾

१८) निस्सन्देह यी कुराहरू प्राचीन ग्रन्थहरूमा पनि छन् ।

صُحُفِ إِبْرَٰهِيمَ وَمُوسَىٰ ﴿١٩﴾ ع

१९) अर्थात् इब्राहीम र मूसा (नामक ईश-दूतहरू) का ग्रन्थहरूमा पनि ।

١ ع ١٩ ١٢

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-ग़ाशियह्

(मक्कामा अवतरित–आयतहरू: २६)

سورة الغاشية

مكية آياتها:26

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

१) के तिमीकहाँ (संसारलाई नै ढपक्कै) ढाक्ने विपत्ति (अर्थात महाप्रलय) को खबर पुगेको छ ?

هَلۡ أَتَىٰكَ حَدِيثُ ٱلۡغَٰشِيَةِ ﴿١﴾

२) त्यस दिन कतिपय अनुहारहरू भयभीत हुनेछन् ।

وُجُوهٞ يَوۡمَئِذٍ خَٰشِعَةٌ ﴿٢﴾

३) परिश्रम गरिरहेका (र) थकित हुनेछन् ।

عَامِلَةٞ نَّاصِبَةٞ ﴿٣﴾

४) तिनीहरू दनदनाउँदो अग्निमा जाकिनेछन् !

تَصۡلَىٰ نَارًا حَامِيَةٗ ﴿٤﴾

५) (तिनीहरूलाई) तातो मुहानबाट (उम्लँदो) पानी पिलाइनेछ !

تُسۡقَىٰ مِنۡ عَيۡنٍ ءَانِيَةٖ ﴿٥﴾

६) तिनीहरूले काँडैकाँडा भएको सुकेको घाँसबाहेक अरू कुनै खाद्यपदार्थ पाउनेछैनन् !

لَّيۡسَ لَهُمۡ طَعَامٌ إِلَّا مِن ضَرِيعٖ ﴿٦﴾

७) त्यस (खाद्यपदार्थ) ले न पोषण दिन्छ न भोक नै मार्छ ।

لَّا يُسۡمِنُ وَلَا يُغۡنِي مِن جُوعٖ ﴿٧﴾

८) त्यस दिन कतिपय अनुहारहरू प्रफुल्लित हुनेछन् ।

وُجُوهٞ يَوۡمَئِذٖ نَّاعِمَةٞ ﴿٨﴾

९) आफ्नो परिश्रम (को फल) प्रति सन्तुष्ट हुनेछन् ।

لِّسَعۡيِهَا رَاضِيَةٞ ﴿٩﴾

१०) उच्च जन्नत (स्वर्ग) मा हुनेछन् ।

فِي جَنَّةٍ عَالِيَةٖ ﴿١٠﴾

११) जहाँ कुनै अंशिष्ट र व्यर्थकुरा सुन्नेछैनन् ।

لَّا تَسۡمَعُ فِيهَا لَٰغِيَةٗ ﴿١١﴾

१२) जहाँ बगीरहेका (पेय पदार्थका) मुहानहरू हुनेछन् ।

فِيهَا عَيۡنٞ جَارِيَةٞ ﴿١٢﴾

१३) त्यहाँ उच्चासनहरू बिछयाइएका हुनेछन् ।

فِيهَا سُرُرٞ مَّرۡفُوعَةٞ ﴿١٣﴾

१४) र मदिरा-पान-पात्रहरू राखिएका हुनेछन् ।

وَأَكۡوَابٞ مَّوۡضُوعَةٞ ﴿١٤﴾

१५) र सिरानीहरू मिलाइएका हुनेछन् ।

وَنَمَارِقُ مَصۡفُوفَةٞ ﴿١٥﴾

CC-0. In Public Domain. Digitization by eGangotri

وَزَرَابِيُّ مَبْثُوثَةٌ ﴿١٦﴾

१६) र मखमली गलैंचाहरू विछयाइएका हुनेछन् ।

أَفَلَا يَنظُرُونَ إِلَى ٱلْإِبِلِ كَيْفَ خُلِقَتْ ﴿١٧﴾

१७) के मानिसहरू ऊँटतिर हेर्दैनन् कि कसरी त्यसको सृष्टि गरियो ?

وَإِلَى ٱلسَّمَآءِ كَيْفَ رُفِعَتْ ﴿١٨﴾

१८) र आकाशतिर कि कसरी (माथि) उठाइयो ?

وَإِلَى ٱلْجِبَالِ كَيْفَ نُصِبَتْ ﴿١٩﴾

१९) र पहाडहरूतिर कि कसरी उभ्याइए ?

وَإِلَى ٱلْأَرْضِ كَيْفَ سُطِحَتْ ﴿٢٠﴾

२०) र धर्तीतिर कि कसरी विछ्याइयो ?

فَذَكِّرْ إِنَّمَآ أَنتَ مُذَكِّرٌ ﴿٢١﴾

२१) अत: (हे सन्देष्टा !) उपदेश दिँदै गर तिमी त केवल एक उपदेशक हौ ।

لَّسْتَ عَلَيْهِم بِمُصَيْطِرٍ ﴿٢٢﴾

२२) बल प्रयोगकारी (दरोगा) होइनौ ।

إِلَّا مَن تَوَلَّىٰ وَكَفَرَ ﴿٢٣﴾

२३) परन्तु जो (यस सन्देशवाट) विमुख हुन्छ र कुफ्र (अनास्था) गर्दछ !

فَيُعَذِّبُهُ ٱللَّهُ ٱلْعَذَابَ ٱلْأَكْبَرَ ﴿٢٤﴾

२४) अल्लाहले उसलाई कठोर यातना दिनेछन् ।

إِنَّ إِلَيْنَآ إِيَابَهُمْ ﴿٢٥﴾

२५) निस्सन्देह हामीतिर नै उनीहरूलाई फर्किनुछ ।

ثُمَّ إِنَّ عَلَيْنَا حِسَابَهُم ﴿٢٦﴾ ع ١ ع ١٣

२६) र तिनीहरूको (सम्पूर्ण कार्यको) हिसाब लिने जिम्मा (पनि) हाम्रै हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-फ़ज्र

(मक्कामा अवतरित–आयतहरू: ३०)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) प्रात:कालको क़सम !

२) र ती दस रातहरूको क़सम !

३) र सम तथा विषमको क़सम !

४) र विदा हुनैलागेको रातको क़सम !

५) के यी वस्तुहरूमा बुद्धिमानको लागि पर्याप्त क़सम छैन र ?

६) तिम्रा प्रभुले 'आ़द' (जाति) सित के व्यवहार गरे, के तिमीले देखेनौ ?

७) जुन (आ़द) 'इरम' (का नामले प्रख्यात थिए र) स्तम्भ जस्ता अग्ला थिए ।

८) तिनी (आ़द) सदृश्य देशभरिमै अर्को कुनै (जाति) सिर्जना गरिएको थिएन ।

९) उपत्यकामा चट्टान फोर्ने (र घर बनाउने) 'समूद' जातिसित(के व्यवहार गरे) ।

१०) र शिविरहरू राखेको 'फ़िरऔ़न' सित (के व्यवहार गरे) ।

११) यिनीहरू नगरहरूमा निरंकुश बनेका थिए ।

१२) र त्यहाँ ज्यादै विध्वंश मच्चाएका थिए ।

१३) अन्तत: तिम्रा प्रभुले तिनीहरूमाथि यातनाको कोर्रा बर्साए ।

१४) निस्सन्देह तिम्रा प्रभु दाउ पर्खिराखेका छन् ।

१५) तर मानवको हाल के छ भने उसका प्रभुले उसको परीक्षाको निम्ति उसलाई सम्मान र समृद्धि प्रदान गर्दा ऊ भन्छ- "मेरा प्रभुले त मलाई सम्माननीय बनाए !"

سورة الفجر

مكية آياتها:30

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

وَٱلْفَجْرِ ﴿١﴾

وَلَيَالٍ عَشْرٍ ﴿٢﴾

وَٱلشَّفْعِ وَٱلْوَتْرِ ﴿٣﴾

وَٱلَّيْلِ إِذَا يَسْرِ ﴿٤﴾

هَلْ فِى ذَٰلِكَ قَسَمٌ لِّذِى حِجْرٍ ﴿٥﴾

أَلَمْ تَرَ كَيْفَ فَعَلَ رَبُّكَ بِعَادٍ ﴿٦﴾

إِرَمَ ذَاتِ ٱلْعِمَادِ ﴿٧﴾

ٱلَّتِى لَمْ يُخْلَقْ مِثْلُهَا فِى ٱلْبِلَٰدِ ﴿٨﴾

وَثَمُودَ ٱلَّذِينَ جَابُوا۟ ٱلصَّخْرَ بِٱلْوَادِ ﴿٩﴾

وَفِرْعَوْنَ ذِى ٱلْأَوْتَادِ ﴿١٠﴾

ٱلَّذِينَ طَغَوْا۟ فِى ٱلْبِلَٰدِ ﴿١١﴾

فَأَكْثَرُوا۟ فِيهَا ٱلْفَسَادَ ﴿١٢﴾

فَصَبَّ عَلَيْهِمْ رَبُّكَ سَوْطَ عَذَابٍ ﴿١٣﴾

إِنَّ رَبَّكَ لَبِٱلْمِرْصَادِ ﴿١٤﴾

فَأَمَّا ٱلْإِنسَٰنُ إِذَا مَا ٱبْتَلَىٰهُ رَبُّهُۥ فَأَكْرَمَهُۥ

وَنَعَّمَهُۥ فَيَقُولُ رَبِّىٓ أَكْرَمَنِ ﴿١٥﴾

CC-0. In Public Domain. Digitization by eGangotri

१६) प्रभुले मानवको परीक्षा उसको जीविका सीमित गरेर लिँदा मानव भन्छ- "मेरा प्रभुले मेरो अपमान गरे !"	وَأَمَّآ إِذَا مَا ٱبۡتَلَىٰهُ فَقَدَرَ عَلَيۡهِ رِزۡقَهُۥ فَيَقُولُ رَبِّيٓ أَهَٰنَنِ ١٦
१७) यो कुरा सत्य होइन, वरु तिमीहरू नै अनाथको सत्कार गर्दैनौ ।	كَلَّاۖ بَل لَّا تُكۡرِمُونَ ٱلۡيَتِيمَ ١٧
१८) र असहायलाई खुवाउन एकअर्कालाई प्रेरित गर्दैनौ ।	وَلَا تَحَٰٓضُّونَ عَلَىٰ طَعَامِ ٱلۡمِسۡكِينِ ١٨
१९) र (अर्काको) अंश (पैतृक धन) बटुली खाइदिन्छौ ।	وَتَأۡكُلُونَ ٱلتُّرَاثَ أَكۡلٗا لَّمّٗا ١٩
२०) र सम्पत्तिको ज्यादै मोह गर्दछौ ।	وَتُحِبُّونَ ٱلۡمَالَ حُبّٗا جَمّٗا ٢٠
२१) वास्तवमा जब धर्तीलाई टुक्रा-टुक्रा पारेर सम्याइनेछ !	كَلَّآ إِذَا دُكَّتِ ٱلۡأَرۡضُ دَكّٗا دَكّٗا ٢١
२२) र तिम्रा प्रभु प्रकट हुनेछन, र त्यस बेला फ़रिश्ता (दूत) हरू पडक्तिबद्ध खडा रहनेछन् ।	وَجَآءَ رَبُّكَ وَٱلۡمَلَكُ صَفّٗا صَفّٗا ٢٢
२३) र त्यस दिन नर्क प्रस्तुत गराइनेछ, (तब) त्यो देखेर (वल्ल) मानवको बुद्धि फुर्नेछ तर अब त्यस वुद्धिको के फाइदा ।	وَجِاْيٓءَ يَوۡمَئِذِۭ بِجَهَنَّمَۚ يَوۡمَئِذٖ يَتَذَكَّرُ ٱلۡإِنسَٰنُ وَأَنَّىٰ لَهُ ٱلذِّكۡرَىٰ ٢٣
२४) नर्क जानेले भन्ने छ- "हाय ! मैले आफ्नो यस (मरणोत्तर) जीवनको निम्ति केही पठाएको भए !"	يَقُولُ يَٰلَيۡتَنِي قَدَّمۡتُ لِحَيَاتِي ٢٤
२५) अनि त्यस दिन अल्लाहले दिने यातना जस्तो (भयानक) यातना कसैको हुनेछैन !	فَيَوۡمَئِذٖ لَّا يُعَذِّبُ عَذَابَهُۥٓ أَحَدٞ ٢٥
२६) र अल्लाहको बन्धन जस्तो (कडा) बन्धन कसैको हुनेछैन ।	وَلَا يُوثِقُ وَثَاقَهُۥٓ أَحَدٞ ٢٦
२७) (अर्को-तर्फ भनिनेछ)- "हे सन्तुष्ट आत्मा" !	يَٰٓأَيَّتُهَا ٱلنَّفۡسُ ٱلۡمُطۡمَئِنَّةُ ٢٧
२८) "फर्क आफ्ना प्रभुतर्फ, तिमी उनीसित राजी-खुशी, उनी तिमीसित प्रसन्न हुँदै" ।	ٱرۡجِعِيٓ إِلَىٰ رَبِّكِ رَاضِيَةٗ مَّرۡضِيَّةٗ ٢٨
२९) "तिमी मेरा (विशिष्ट) भक्तहरूमा भर्ना भइहाल" ।	فَٱدۡخُلِي فِي عِبَٰدِي ٢٩
३०) "र मेरो जन्नत (स्वर्ग) मा प्रवेश गर" ।	وَٱدۡخُلِي جَنَّتِي ٣٠ ع ١ ع ١٤

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-बलद्

(मक्कामा अवतरित–आयतहरू: २०)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) म यस नगर (मक्का) को क़सम खान्छु !

२) यस्तो नगर जहाँ तिमी (सम्पूर्ण) स्वाधीन छौ ।

३) र बुवा (आदम) र (उनका) सन्तानको क़सम !

४) निस्सन्देह हामीले मानवलाई परिश्रममा (संलग्न हुनेगरी) सिर्जना गरेका छौं ।

५) के मानवले आफूलाई कसैले नियन्त्रणमा लिन नसकेको ठानेको छ ?

६) मानिसले के भन्छ भने मैले त धेरै धन-सम्पत्ति उडाइदिएं ।

७) के कसैले उसलाई नदेखेको ठानेको छ ?

८) के हामीले उसलाई दुइटा आँखाहरू दिएनौं ?

९) एउटा जिब्रो र दुइटा ओठहरू (दिएनौं) ?

१०) र हामीले उसलाई दुइटै मार्ग (सुमार्ग र कुमार्ग) हरू पनि त देखायौं ।

११) तर उसले 'अक़बा' को बाटो हिंड्ने साहस गरेन ।

१२) र 'अक़बा' भनेको के हो तिमीलाई के थाहा ?

१३) कुनै (दासको) घाँटीलाई दासताबाट मुक्त गर्नु,

१४) वा कुनै खाने कुरा नभएको दिन खाना खुवाउनु हो (अक़बा भनेको) !

१५) कुनै नातेदार अनाथलाई,

سورة البلد

مكية آياتها:20

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

لَآ أُقۡسِمُ بِهَٰذَا ٱلۡبَلَدِ ١

وَأَنتَ حِلُّۢ بِهَٰذَا ٱلۡبَلَدِ ٢

وَوَالِدٖ وَمَا وَلَدَ ٣

لَقَدۡ خَلَقۡنَا ٱلۡإِنسَٰنَ فِي كَبَدٍ ٤

أَيَحۡسَبُ أَن لَّن يَقۡدِرَ عَلَيۡهِ أَحَدٞ ٥

يَقُولُ أَهۡلَكۡتُ مَالٗا لُّبَدًا ٦

أَيَحۡسَبُ أَن لَّمۡ يَرَهُۥٓ أَحَدٌ ٧

أَلَمۡ نَجۡعَل لَّهُۥ عَيۡنَيۡنِ ٨

وَلِسَانٗا وَشَفَتَيۡنِ ٩

وَهَدَيۡنَٰهُ ٱلنَّجۡدَيۡنِ ١٠

فَلَا ٱقۡتَحَمَ ٱلۡعَقَبَةَ ١١

وَمَآ أَدۡرَىٰكَ مَا ٱلۡعَقَبَةُ ١٢

فَكُّ رَقَبَةٍ ١٣

أَوۡ إِطۡعَٰمٞ فِي يَوۡمٖ ذِي مَسۡغَبَةٖ ١٤

يَتِيمٗا ذَا مَقۡرَبَةٍ ١٥

CC-0. In Public Domain. Digitization by eGangotri

१६) वा दुर्दशाग्रस्त गरीवलाई (खाना खुवाउनु) ।	أَوْ مِسْكِينًا ذَا مَتْرَبَةٍ ﴿١٦﴾
१७) त्यो व्यक्ति ती मुमिन (आस्थावान) व्यक्तिहरूमध्ये (को एक) होस् जसले परस्पर धैर्य धारण गर्ने तथा एकअर्कालाई दया गर्ने उपदेश दिन्छन् ।	ثُمَّ كَانَ مِنَ ٱلَّذِينَ ءَامَنُوا۟ وَتَوَاصَوْا۟ بِٱلصَّبْرِ وَتَوَاصَوْا۟ بِٱلْمَرْحَمَةِ ﴿١٧﴾
१८) तिनै (व्यक्ति) हुन सौभाग्यशाली ।	أُو۟لَٰٓئِكَ أَصْحَٰبُ ٱلْمَيْمَنَةِ ﴿١٨﴾
१९) र ती व्यक्तिहरू जसले हाम्रा आयत (श्लोक) हरूलाई, अस्वीकार गरे, तिनीहरू नै हुन अभागी !	وَٱلَّذِينَ كَفَرُوا۟ بِـَٔايَٰتِنَا هُمْ أَصْحَٰبُ ٱلْمَشْـَٔمَةِ ﴿١٩﴾
२०) उनीहरू आगोमा थुनिनेछन् ।	عَلَيْهِمْ نَارٌ مُّؤْصَدَةٌۢ ﴿٢٠﴾ ع

ع ١ ١٥

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अश्-शम्स

(मक्कामा अवतरित-आयतहरू: १५)

سورة الشمس

مكية آياتها:15

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) सूर्यको र त्यसको प्रकाशको क़सम !

وَالشَّمْسِ وَضُحَاهَا ﴿١﴾

२) र चन्द्रमाको क़सम ! जब त्यो सूर्यको अनुसरण गर्छ ।

وَالْقَمَرِ إِذَا تَلَاهَا ﴿٢﴾

३) र दिनको क़सम ! जब त्यो सूर्यलाई प्रस्ट देखाउँछ ।

وَالنَّهَارِ إِذَا جَلَّاهَا ﴿٣﴾

४) र रातको क़सम ! जब त्यो सूर्यलाई छोप्छ ।

وَاللَّيْلِ إِذَا يَغْشَاهَا ﴿٤﴾

५) र आकाशको र त्यसको सिर्जनाको पनि क़सम !

وَالسَّمَاءِ وَمَا بَنَاهَا ﴿٥﴾

६) र पृथ्वीको र त्यसको विस्तारको क़सम !

وَالْأَرْضِ وَمَا طَحَاهَا ﴿٦﴾

७) र मानवीय आत्माको र त्यसको परिपूर्णताको क़सम !

وَنَفْسٍ وَمَا سَوَّاهَا ﴿٧﴾

८) कि अल्लाहले आत्मामा पाप तथा पुण्यको ज्ञान दिएका हुन् ।

فَأَلْهَمَهَا فُجُورَهَا وَتَقْوَاهَا ﴿٨﴾

९) जुन व्यक्तिले आत्मालाई शुद्ध पाऱ्यो ऊ निश्चय नै सफल भयो ।

قَدْ أَفْلَحَ مَن زَكَّاهَا ﴿٩﴾

१०) र जसले त्यसलाई कलुषित पाऱ्यो त्यो निश्चय नै विफल भयो ।

وَقَدْ خَابَ مَن دَسَّاهَا ﴿١٠﴾

११) 'समूद' (जाति) ले आफ्नो उद्दण्डताको कारण (सन्देष्टालाई) असत्य ठहर गऱ्यो ।

كَذَّبَتْ ثَمُودُ بِطَغْوَاهَا ﴿١١﴾

१२) जब तिनीहरूमध्येको सर्वाधिक अभागी व्यक्ति खडा भयो ।

إِذِ انبَعَثَ أَشْقَاهَا ﴿١٢﴾

१३) तब अल्लाहका रसुल (दूत सालिह्) ले भने- "सावधान ! अल्लाहको ऊँटनीलाई नछोड र त्यसलाई पानी खान वाधा नपुऱ्याऊ ।"

فَقَالَ لَهُمْ رَسُولُ اللَّهِ نَاقَةَ اللَّهِ وَسُقْيَاهَا ﴿١٣﴾

१४) तर तिनीहरूले ईशदूतलाई अस्वीकार गरे र ऊँटनीको खुट्टा काटेर मारिदिए । अन्ततः प्रभुले तिनीहरूका पापको कारण तिनीहरू माथि आपदा वर्साइदिए र सबैलाई मटियामेट पारेर छाडे ।

فَكَذَّبُوهُ فَعَقَرُوهَا فَدَمْدَمَ عَلَيْهِمْ رَبُّهُم بِذَنبِهِمْ فَسَوَّاهَا ﴿١٤﴾

१५) र अल्लाहले तिनीहरूको भयानक परिणामको कुनै पर्वाह गरेनन् ।

وَلَا يَخَافُ عُقْبَاهَا ﴿١٥﴾

ع ١٥ ١٦

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्लैल्

سورة الليل

(मक्कामा अवतरित–आयतहरू: २१)

مكية آياتها:21

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

وَٱلَّيْلِ إِذَا يَغْشَىٰ ﴿١﴾

१) रातको क़सम जब त्यसले दिनलाई (ढपक्कै) ढाक्छ !

وَٱلنَّهَارِ إِذَا تَجَلَّىٰ ﴿٢﴾

२) र दिनको क़सम जब त्यो प्रकाशमान हुन्छ !

وَمَا خَلَقَ ٱلذَّكَرَ وَٱلْأُنثَىٰٓ ﴿٣﴾

३) र त्यस (अस्तित्व) को क़सम ! जसले पुरुष र स्त्रीको सिर्जना गरे ।

إِنَّ سَعْيَكُمْ لَشَتَّىٰ ﴿٤﴾

४) निश्चय नै तिमीहरूका प्रयासहरू विभिन्न प्रकारका छन् ।

فَأَمَّا مَنْ أَعْطَىٰ وَٱتَّقَىٰ ﴿٥﴾

५) त, जसले (अल्लाहको मार्गमा) खर्च गऱ्यो र ईशभय राख्यो,

وَصَدَّقَ بِٱلْحُسْنَىٰ ﴿٦﴾

६) र सदुपदेशलाई सत्य मान्यो,

فَسَنُيَسِّرُهُۥ لِلْيُسْرَىٰ ﴿٧﴾

७) उसलाई हामी सहज मार्गको सुविधा दिनेछौं ।

وَأَمَّا مَنۢ بَخِلَ وَٱسْتَغْنَىٰ ﴿٨﴾

८) तर जसले कन्जुस्याईं र लापर्वाही गऱ्यो ।

وَكَذَّبَ بِٱلْحُسْنَىٰ ﴿٩﴾

९) र सदुपदेशलाई मिथ्या ठहर गऱ्यो,

فَسَنُيَسِّرُهُۥ لِلْعُسْرَىٰ ﴿١٠﴾

१०) उसलाई हामी विकट मार्गतिर डोऱ्याउनेछौं ।

وَمَا يُغْنِى عَنْهُ مَالُهُۥٓ إِذَا تَرَدَّىٰٓ ﴿١١﴾

११) (नर्कमा) खस्ने बेला उसको सम्पत्तिले उसलाई जोगाउनेछैन ।

إِنَّ عَلَيْنَا لَلْهُدَىٰ ﴿١٢﴾

१२) सत्मार्ग प्रदर्शन गर्नु त (केवल) हाम्रै हातमा छ ।

وَإِنَّ لَنَا لَلْءَاخِرَةَ وَٱلْأُولَىٰ ﴿١٣﴾

१३) र हाम्रै हातमा छ लोक र परलोक (पनि) ।

فَأَنذَرْتُكُمْ نَارًا تَلَظَّىٰ ﴿١٤﴾

१४) अत: मैले तिमीहरूलाई दनदनाउँदो आगो देखि सचेत गरिदिएँ ।

لَا يَصْلَىٰهَآ إِلَّا ٱلْأَشْقَى ﴿١٥﴾

१५) त्यसमा केवल (त्यो) अभागी होमिनेछ,

CC-0. In Public Domain. Digitization by eGangotri

१६) जसले नकारेको हुनेछ र जो विमुख भएको हुनेछ ।

१७) तर त्यस धर्मनिष्ठ व्यक्तिलाई (नर्कमा होमिनु) बाट सुरक्षित राखिनेछ ।

१८) जो पवित्रता प्राप्त गर्न सम्पत्ति खर्च गर्छ ।

१९) र त्यो व्यक्ति (यसकारणले खर्च गर्दैन कि) कसैको उपकारको ऋणी छ, जसको वदला उसले चुकाउन परोस् ।

२०) ऊ त केवल आफ्ना सर्वोच्च प्रभुको प्रसन्नता प्राप्तिको लागि खर्च गर्छ ।

२१) र शीघ्र नै त्यो व्यक्ति (अल्लाहसित) प्रसन्न हुनेछ ।

ٱلَّذِى كَذَّبَ وَتَوَلَّىٰ ﴿١٦﴾

وَسَيُجَنَّبُهَا ٱلْأَتْقَى ﴿١٧﴾

ٱلَّذِى يُؤْتِى مَالَهُۥ يَتَزَكَّىٰ ﴿١٨﴾

وَمَا لِأَحَدٍ عِندَهُۥ مِن نِّعْمَةٍ تُجْزَىٰٓ ﴿١٩﴾

إِلَّا ٱبْتِغَآءَ وَجْهِ رَبِّهِ ٱلْأَعْلَىٰ ﴿٢٠﴾

وَلَسَوْفَ يَرْضَىٰ ﴿٢١﴾ ع

١
ع ٢١
١٧

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अज़्ज़ुहा

(मक्कामा अवतरित–आयतहरू: ११)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) प्रकाशमय दिनको क़सम !

२) र रातको क़सम ! जब (त्यसको अन्धकार) फैलिन्छ ।

३) (हे मुहम्मद !) तिम्रा प्रभुले तिमीलाई त्यागेका छैनन् र उनी तिमीसित वेखुशी पनि छैनन् ।

४) र तिम्रालागि आउँदा दिनहरू विगतका भन्दा निश्चय नै राम्रा हुनेछन् ।

५) र शीघ्र नै तिम्रा प्रभुले तिमीलाई यति दिनेछन् कि तिमी प्रसन्न भइ हाल्नेछौ ।

६) के उनले तिमीलाई अनाथ पाएर आश्रय प्रदान गरेका होइनन् र ?

७) र मार्ग नजानेको (अवस्थामा) पाएर तिम्रो पथ प्रदर्शन गरेका होइनन् र ?

८) र तिमीलाई निर्धन देखेर धन्वान बनाइदिएनन् र ?

९) अत: तिमी (पनि) अनाथलाई नसताउनू ।

१०) र भिखारीलाई नहप्काउनू !

११) र आफ्ना प्रभुको अनुग्रहको चर्चा गरिराख्नू ।

سورة الضحى

مكية آياتها:11

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

وَالضُّحَىٰ ﴿١﴾

وَاللَّيْلِ إِذَا سَجَىٰ ﴿٢﴾

مَا وَدَّعَكَ رَبُّكَ وَمَا قَلَىٰ ﴿٣﴾

وَلَلْآخِرَةُ خَيْرٌ لَّكَ مِنَ الْأُولَىٰ ﴿٤﴾

وَلَسَوْفَ يُعْطِيكَ رَبُّكَ فَتَرْضَىٰ ﴿٥﴾

أَلَمْ يَجِدْكَ يَتِيمًا فَآوَىٰ ﴿٦﴾

وَوَجَدَكَ ضَالًّا فَهَدَىٰ ﴿٧﴾

وَوَجَدَكَ عَائِلًا فَأَغْنَىٰ ﴿٨﴾

فَأَمَّا الْيَتِيمَ فَلَا تَقْهَرْ ﴿٩﴾

وَأَمَّا السَّائِلَ فَلَا تَنْهَرْ ﴿١٠﴾

وَأَمَّا بِنِعْمَةِ رَبِّكَ فَحَدِّثْ ﴿١١﴾ ع ١ / ١١ / ١٨

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-इन्शिराह्

(मक्कामा अवतरित–आयतहरू: ८)

سورة الانشراح

مكية آياتها:8

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

१) (हे सन्देष्टा !) के हामीले तिम्रो छाती (आस्था र ज्ञानको लागि) खोली दिएनौं ?

أَلَمْ نَشْرَحْ لَكَ صَدْرَكَ ﴿١﴾

२) र (साथै) हामीले तिमी माथिवाट तिम्रो वोझ पनि हटाइदियौं

وَوَضَعْنَا عَنكَ وِزْرَكَ ﴿٢﴾

३) जुन चाँहिले तिम्रो ढाड भाँचिराखेको थियो ?

ٱلَّذِىٓ أَنقَضَ ظَهْرَكَ ﴿٣﴾

४) र तिम्रो लागि हामीले तिम्रो कीर्ति (पनि) फैलाई दियौं ।

وَرَفَعْنَا لَكَ ذِكْرَكَ ﴿٤﴾

५) निश्चय नै कठिनाइ लगत्तै सरलता पनि छ ।

فَإِنَّ مَعَ ٱلْعُسْرِ يُسْرًا ﴿٥﴾

६) हो, कठिनाइ लगत्तै सरलता रहेको छ ।

إِنَّ مَعَ ٱلْعُسْرِ يُسْرًا ﴿٦﴾

७) अतः फुर्सद पाउँदा उपासनामा जुट ।

فَإِذَا فَرَغْتَ فَٱنصَبْ ﴿٧﴾

८) र आफ्ना प्रभुतर्फ नै प्रवृत्त होऊ ।

وَإِلَىٰ رَبِّكَ فَٱرْغَب ﴿٨﴾ ع

١ ع ٨ ١٩

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अत्तीन

(मक्कामा अवतरित–आयतहरू: ८)

سورة التين

مكية آياتها:8

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

وَالتِّينِ وَالزَّيْتُونِ ﴿١﴾

१) अंजीर (नाउँको फल) र जैतुनको क़सम !

وَطُورِ سِينِينَ ﴿٢﴾

२) सिनाई (नाउँको) पहाडको क़सम !

وَهَٰذَا الْبَلَدِ الْأَمِينِ ﴿٣﴾

३) र यस शान्त नगरी (मक्का) को क़सम !

لَقَدْ خَلَقْنَا الْإِنسَانَ فِي أَحْسَنِ تَقْوِيمٍ ﴿٤﴾

४) निश्चय नै हामीले मनुष्यलाई सुन्दरतम रूपमा सिर्जना गऱ्यौं ।

ثُمَّ رَدَدْنَاهُ أَسْفَلَ سَافِلِينَ ﴿٥﴾

५) त्यसपछि हामीले उसलाई न्यून स्तरमा झारी दियौं ।

إِلَّا الَّذِينَ آمَنُوا وَعَمِلُوا الصَّالِحَاتِ فَلَهُمْ أَجْرٌ غَيْرُ مَمْنُونٍ ﴿٦﴾

६) तर, जुन व्यक्तिहरूले ईमान (आस्था) ल्याए र सत्कर्म गरे, तिनीहरूका लागि अपार प्रतिदान रहेको छ ।

فَمَا يُكَذِّبُكَ بَعْدُ بِالدِّينِ ﴿٧﴾

७) अनि त (हे मुहम्मद !) तिमीलाई कसले प्रतिदानको दिनको विषयमा झुठो ठहऱ्याउन सक्छ ?

أَلَيْسَ اللَّهُ بِأَحْكَمِ الْحَاكِمِينَ ﴿٨﴾ ع

८) के अल्लाह समस्त शासनकर्ताहरूका पनि शासनकर्ता होइनन् र ?

١ ع ٨ ٢٠

G.No 1376

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-अ़लक़

(मक्कामा अवतरित–आयतहरू: १९)

سورة العلق

مكية آياتها:19

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

१) (हे मुहम्मद !) पढ, आफ्ना प्रभुको नाउँ लिएर जसले सिर्जना गरे ।

ٱقۡرَأۡ بِٱسۡمِ رَبِّكَ ٱلَّذِي خَلَقَ ﴿١﴾

२) सिर्जना गरे मनुष्यलाई रगतको डल्लावाट ।

خَلَقَ ٱلۡإِنسَٰنَ مِنۡ عَلَقٍ ﴿٢﴾

३) पढ ! तिम्रा प्रभु अति उदार छन् ।

ٱقۡرَأۡ وَرَبُّكَ ٱلۡأَكۡرَمُ ﴿٣﴾

४) जस (प्रभु) ले कलमद्वारा शिक्षा प्रदान गरे ।

ٱلَّذِي عَلَّمَ بِٱلۡقَلَمِ ﴿٤﴾

५) (र) मनुष्यलाई त्यो कुरा सिकाए जुन कुराको ज्ञान उसलाई थिएन ।

عَلَّمَ ٱلۡإِنسَٰنَ مَا لَمۡ يَعۡلَمۡ ﴿٥﴾

६) तर मनुष्य (त्यतिबेला) उद्दण्ड हुन पुग्छ,

كَلَّآ إِنَّ ٱلۡإِنسَٰنَ لَيَطۡغَىٰٓ ﴿٦﴾

७) जतिवेला ऊ आफूलाई परिपूर्ण पाउँछ ।

أَن رَّءَاهُ ٱسۡتَغۡنَىٰٓ ﴿٧﴾

८) (जबकि) उसले वास्तवमा तिम्रा प्रभुतर्फ नै फर्कनु छ ।

إِنَّ إِلَىٰ رَبِّكَ ٱلرُّجۡعَىٰٓ ﴿٨﴾

९) के तिमीले देख्यौ त्यस व्यक्तिलाई जो रोक्दछ ;

أَرَءَيۡتَ ٱلَّذِي يَنۡهَىٰ ﴿٩﴾

१०) एक भक्तलाई जब ऊ नमाज़ पढ्न थाल्छ !

عَبۡدًا إِذَا صَلَّىٰٓ ﴿١٠﴾

११) के तिमीले सोच्यौ यदि ऊ (रोकिने व्यक्ति) सत्मार्गमा छ !

أَرَءَيۡتَ إِن كَانَ عَلَى ٱلۡهُدَىٰٓ ﴿١١﴾

१२) र (यदि) उसले सदाचरणको उपदेश दिन्छ भने (वाधा उत्पन्न गर्नु कत्तिको उचित छ र ?)

أَوۡ أَمَرَ بِٱلتَّقۡوَىٰٓ ﴿١٢﴾

१३) के तिमीले देख्यौ यदि ऊ मिथ्या ठान्छ र उपदेशवाट विमुख हुन्छ भने ?

أَرَءَيۡتَ إِن كَذَّبَ وَتَوَلَّىٰٓ ﴿١٣﴾

१४) अल्लाहले देखिराखेका छन् भन्ने कुरो त्यसलाई थाहा छैन र ?

أَلَمۡ يَعۡلَم بِأَنَّ ٱللَّهَ يَرَىٰ ﴿١٤﴾

१५) यदि ऊ (रोक्ने अधर्मी) रोकिएन भने हामी त्यसको निधार(माथि)को चुल्ठो अँठ्याएर घिसार्नेछौं ।

كَلَّا لَئِن لَّمۡ يَنتَهِ لَنَسۡفَعَۢا بِٱلنَّاصِيَةِ ﴿١٥﴾

CC-0. In Public Domain. Digitization by eGangotri

نَاصِيَةٍ كَٰذِبَةٍ خَاطِئَةٍ ﴿١٦﴾

१६) त्यो झुठो र पापी निधार !

فَلْيَدْعُ نَادِيَهُۥ ﴿١٧﴾

१७) ल त (ऊ) बोलाओस् आफ्ना (साथिहरूको) सभा,

سَنَدْعُ ٱلزَّبَانِيَةَ ﴿١٨﴾

१८) हामी पनि (नर्कका) फरिश्ता हरू (दूत हरू) लाई डाक्नेछौं ।

كَلَّا لَا تُطِعْهُ وَٱسْجُدْ وَٱقْتَرِب ۩ ﴿١٩﴾ ع

१९) हेर, नमान उसका कुरा, अपितु नतमस्तक होऊ तथा (अल्लाहको) सामीप्य प्राप्त गर ।

ع ١ ١٩ ٢١

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-क़द्र

(मक्कामा अवतरित–आयतहरू: ५)

سورة القدر

مكية آياتها:5

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) निस्सन्देह हामीले यस (कुरआन) लाई "क़द्र" को रातमा अवतरित गऱ्यौं ।

إِنَّآ أَنزَلْنَٰهُ فِى لَيْلَةِ ٱلْقَدْرِ ﴿١﴾

२) र क़द्रको रात भनेको के हो तिमीलाई के थाहा ?

وَمَآ أَدْرَىٰكَ مَا لَيْلَةُ ٱلْقَدْرِ ﴿٢﴾

३) "क़द्र" को रात त हजार महिनाभन्दा पनि उत्तम छ ।

لَيْلَةُ ٱلْقَدْرِ خَيْرٌ مِّنْ أَلْفِ شَهْرٍ ﴿٣﴾

४) यसमा फरिश्ताहरू (दूतहरू) एवम् आत्मा (जिब्रईल) आफ्ना प्रभुको आदेशले हरेक (प्रकारको) कार्य सम्पादनको लागि ओर्लने गर्छन् ।

تَنَزَّلُ ٱلْمَلَٰٓئِكَةُ وَٱلرُّوحُ فِيهَا بِإِذْنِ
رَبِّهِم مِّن كُلِّ أَمْرٍ ﴿٤﴾

५) यो (रात) पूर्ण शान्तिको रात हो, (जो) प्रातः कालको आगमनसम्म (रहन्छ) ।

سَلَٰمٌ هِىَ حَتَّىٰ مَطْلَعِ ٱلْفَجْرِ ﴿٥﴾ ع

ا
ع٥
٢٢

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-बैयियनह्

(मदीनामा अवतरित–आयतहरू: ८)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) अहले किताब (ग्रन्थवाहक) एवम् मुश्‍रिक (बहुईश्‍वरवादी) हरू मध्ये कुफ्र (अनास्था) गर्ने व्यक्तिहरू प्रत्यक्ष प्रमाण नपाउञ्जेल आफ्नो कुफ्र त्यागनेवाला थिएनन् ।

२) (प्रत्यक्ष प्रमाण अर्थात) अल्लाहका कुनै रसूल (दूत), जसले पवित्र पानाहरू पाठ गरेर सुनाऊन् ।

३) जसमा सत्य-सिद्ध आदेशहरू छन् ।

४) र अहले किताब (ग्रन्थवाहकहरू) प्रत्यक्ष प्रमाण पाए पछि मात्र (मतभेदमा परेर) विभाजित भए ।

५) आदेश त तिनीहरूलाई यही थियो कि आफ्नो धर्मलाई अल्लाहको लागि शुद्ध पारेर एकाग्र भई उनको उपासना गरून्, नमाज़को आयोजना गरून् र ज़कात अदाय गरून् र यही सत्य एवम् सिद्ध धर्म हो ।

६) निस्सन्देह अहले किताब (ग्रन्थवाहकहरू) र मुश्‍रिकहरू (बहुईश्‍वरवादीहरू) मध्ये कुफ्र गर्ने व्यक्तिहरू नर्कको आगोमा होमिनेछन्, जहाँ तिनीहरू सदा रहनेछन्, तिनीहरू नै हुन् दुष्टतम प्राणी !

७) र जसले ईमान (आस्था) ल्याए, र सत्कर्म गरे तिनीहरू नै हुन् सर्वश्रेष्ठ प्राणी !

سورة البينة

مدنية آياتها:8

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

لَمْ يَكُنِ ٱلَّذِينَ كَفَرُوا۟ مِنْ أَهْلِ
ٱلْكِتَٰبِ وَٱلْمُشْرِكِينَ مُنفَكِّينَ حَتَّىٰ
تَأْتِيَهُمُ ٱلْبَيِّنَةُ (١)
رَسُولٌ مِّنَ ٱللَّهِ يَتْلُوا۟ صُحُفًا مُّطَهَّرَةً (٢)
فِيهَا كُتُبٌ قَيِّمَةٌ (٣)
وَمَا تَفَرَّقَ ٱلَّذِينَ أُوتُوا۟ ٱلْكِتَٰبَ إِلَّا
مِنۢ بَعْدِ مَا جَآءَتْهُمُ ٱلْبَيِّنَةُ (٤)
وَمَآ أُمِرُوٓا۟ إِلَّا لِيَعْبُدُوا۟ ٱللَّهَ مُخْلِصِينَ لَهُ
ٱلدِّينَ حُنَفَآءَ وَيُقِيمُوا۟ ٱلصَّلَوٰةَ وَيُؤْتُوا۟
ٱلزَّكَوٰةَ ۚ وَذَٰلِكَ دِينُ ٱلْقَيِّمَةِ (٥)
إِنَّ ٱلَّذِينَ كَفَرُوا۟ مِنْ أَهْلِ ٱلْكِتَٰبِ
وَٱلْمُشْرِكِينَ فِى نَارِ جَهَنَّمَ خَٰلِدِينَ
فِيهَآ ۚ أُو۟لَٰٓئِكَ هُمْ شَرُّ ٱلْبَرِيَّةِ (٦)
إِنَّ ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ
أُو۟لَٰٓئِكَ هُمْ خَيْرُ ٱلْبَرِيَّةِ (٧)

CC-0. In Public Domain. Digitization by eGangotri

८) यस्ता व्यक्तिहरूका प्रतिदान तिनका प्रभुसमक्ष सदा रहने बगैंचाहरू हुन्, जसको तलतिरबाट नदीहरू (कलकल) बगिरहेका हुनेछन्, जहाँ तिनीहरू सदा सर्वदा रहनेछन्, अल्लाह तिनीहरूसित प्रसन्न र तिनीहरू अल्लाहसित राजी-खुशी । यो तिनको निम्ति (मात्र) हो जो आफ्ना प्रभुसित डराउने गर्छन् ।

جَزَآؤُهُمْ عِندَ رَبِّهِمْ جَنَّٰتُ عَدْنٍ
تَجْرِى مِن تَحْتِهَا ٱلْأَنْهَٰرُ خَٰلِدِينَ فِيهَآ
أَبَدًا ۖ رَّضِىَ ٱللَّهُ عَنْهُمْ وَرَضُوا۟ عَنْهُ ۚ
ذَٰلِكَ لِمَنْ خَشِىَ رَبَّهُۥ ﴿٨﴾ ع

١
ع
٨
٢٣

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अज़्ज़िल्ज़ाल

(मदीनामा अवतरित–आयतहरू: ८)

سورة الزلزال

مدنية آياتها:8

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

إِذَا زُلْزِلَتِ الْأَرْضُ زِلْزَالَهَا ﴿١﴾
१) जब पृथ्वीलाई बेस्सरी हल्लाइनेछ ।

وَأَخْرَجَتِ الْأَرْضُ أَثْقَالَهَا ﴿٢﴾
२) र यस (धर्ती) ले आफ्नो (भित्रको) बोझ निकालेर फ्याँकिदिनेछ ।

وَقَالَ الْإِنسَانُ مَا لَهَا ﴿٣﴾
३) र मानिसले भन्नेछ- "यसलाई के भयो" ?

يَوْمَئِذٍ تُحَدِّثُ أَخْبَارَهَا ﴿٤﴾
४) पृथ्वीले त्यस दिन (वितेका) सम्पूर्ण घटनाहरू वर्णन गर्नेछ ।

بِأَنَّ رَبَّكَ أَوْحَىٰ لَهَا ﴿٥﴾
५) किनभने तिम्रा प्रभुले त्यस (पृथ्वी) लाई यसको आदेश दिएका हुन्छन् ।

يَوْمَئِذٍ يَصْدُرُ النَّاسُ أَشْتَاتًا لِّيُرَوْا أَعْمَالَهُمْ ﴿٦﴾
६) मानिसहरू त्यस दिन हुल बाँधेर आउनेछन् ताकि तिनीहरूलाई तिनका कर्म देखाइयोस् ।

فَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ خَيْرًا يَرَهُ ﴿٧﴾
७) त, जसले कणभर पनि सत्कर्म गरेको हुन्छ त्यो (सुकार्य) उसले देख्नेछ ।

وَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ شَرًّا يَرَهُ ﴿٨﴾ ع
८) र जसले कणभर पनि दुष्कर्म गरेको हुन्छ त्यो (दुष्कार्य) उसले देख्नेछ ।

١ ع ٨ ٢٤

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-आ़दियात्

(मक्कामा अवतरित–आयतहरू: ११)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) हस्याङफस्याङ गर्दै दौडने घोडाहरूको क़सम !

२) जो (ढुङ्गाहरूमाथि) टाप हानेर अग्निका झिल्काहरू निकाल्छन् ।

३) र एका बिहानै छापा मार्छन् ।

४) तथा त्यहाँ धुलो उडाउँछन् ।

५) अनि शत्रुका सैन्य-दल भित्र पस्छन् ।

६) निश्चय नै मनुष्य आफ्ना प्रभुप्रति कृतघ्न (बैगुनी) रहेको छ ।

७) र ऊ स्वयम् यसको साक्षी छ ।

८) ऊ त सम्पत्तिको मोहमा धेरै नै लिप्त रहेको छ ।

९) के उसलाई थाहा छैन जब चिहानबाट सबै (मृतकहरू) निकालिनेछन् ।

१०) र छातीभित्र जे छ त्यो पनि बाहिर निकालिनेछ ।

११) निश्चय नै उसका प्रभु त्यस दिन उसको अवस्थादेखि पूर्ण अवगत रहनेछन् ।

سورة العاديات

مكية آياتها:11

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

وَٱلْعَٰدِيَٰتِ ضَبْحًا ﴿١﴾

فَٱلْمُورِيَٰتِ قَدْحًا ﴿٢﴾

فَٱلْمُغِيرَٰتِ صُبْحًا ﴿٣﴾

فَأَثَرْنَ بِهِۦ نَقْعًا ﴿٤﴾

فَوَسَطْنَ بِهِۦ جَمْعًا ﴿٥﴾

إِنَّ ٱلْإِنسَٰنَ لِرَبِّهِۦ لَكَنُودٌ ﴿٦﴾

وَإِنَّهُۥ عَلَىٰ ذَٰلِكَ لَشَهِيدٌ ﴿٧﴾

وَإِنَّهُۥ لِحُبِّ ٱلْخَيْرِ لَشَدِيدٌ ﴿٨﴾

۞ أَفَلَا يَعْلَمُ إِذَا بُعْثِرَ مَا فِى ٱلْقُبُورِ ﴿٩﴾

وَحُصِّلَ مَا فِى ٱلصُّدُورِ ﴿١٠﴾

إِنَّ رَبَّهُم بِهِمْ يَوْمَئِذٍ لَّخَبِيرٌۢ ﴿١١﴾ ع ١ ع ١١ २५

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-क़ारिअ़ह्

(मक्कामा अवतरित–आयतहरू: ११)

سورة القارعة

مكية آياتها:11

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामवाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) महान घटना !

ٱلْقَارِعَةُ ١

२) के हो त्यो महान घटना !!

مَا ٱلْقَارِعَةُ ٢

३) महान घटना भनेको के हो तिमीलाई के थाहा ?

وَمَآ أَدْرَىٰكَ مَا ٱلْقَارِعَةُ ٣

४) (यो त्यो दिन हो) जुन दिन मानिस छरिएका कीरा फट्याङ्ग्रा सरह हुनेछन् ।

يَوْمَ يَكُونُ ٱلنَّاسُ كَٱلْفَرَاشِ ٱلْمَبْثُوثِ ٤

५) र पहाडहरू धुनेका (चुटिएका) रंगबिरंगी ऊन झैं हुनेछन् ।

وَتَكُونُ ٱلْجِبَالُ كَٱلْعِهْنِ ٱلْمَنفُوشِ ٥

६) अनि त जसको पल्ला भारी हुन्छ,

فَأَمَّا مَن ثَقُلَتْ مَوَٰزِينُهُۥ ٦

७) उसले रमाइलो जीवन पाउनेछ ।

فَهُوَ فِى عِيشَةٍ رَّاضِيَةٍ ٧

८) र जसको पल्ला हलुङ्गो हुन्छ,

وَأَمَّا مَنْ خَفَّتْ مَوَٰزِينُهُۥ ٨

९) उसको वास-स्थान 'हाविया' हुनेछ ।

فَأُمُّهُۥ هَاوِيَةٌ ٩

१०) 'हाविया' भनेको के हो तिमीलाई के थाहा ?

وَمَآ أَدْرَىٰكَ مَا هِيَهْ ١٠

११) दन्दनाउँदो अग्नि (हो 'हाविया') !!

نَارٌ حَامِيَةٌۢ ١١ ع

ع ١ ١١ ٢٦

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अत्तकासुर्

(मक्कामा अवतरित–आयतहरू: ८)

سورة التكاثر

مكية آياتها:8

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) अत्याधिक (धन-सम्पत्तिको) चाहनाले मानिसहरूलाई भुलाइराखेको छ ;

أَلْهَىٰكُمُ ٱلتَّكَاثُرُ ﴿١﴾

२) चिहानसम्म पुगुन्जेल ।

حَتَّىٰ زُرْتُمُ ٱلْمَقَابِرَ ﴿٢﴾

३) हेर, तिमीहरू चाँडै जान्नेछौ ।

كَلَّا سَوْفَ تَعْلَمُونَ ﴿٣﴾

४) अँ, हेर तिमीहरू चाँडै बुझ्नेछौ ।

ثُمَّ كَلَّا سَوْفَ تَعْلَمُونَ ﴿٤﴾

५) हेर, यदि तिमीहरूलाई ठोस ज्ञान भएको भए (तिमीहरू यसो गर्ने थिएनौ) ।

كَلَّا لَوْ تَعْلَمُونَ عِلْمَ ٱلْيَقِينِ ﴿٥﴾

६) तिमीहरू अवश्य नर्कलाई देख्नेछौ ।

لَتَرَوُنَّ ٱلْجَحِيمَ ﴿٦﴾

७) तिमीहरू अवश्य देख्नेछौ निश्चित्तात्मक नेत्रले ।

ثُمَّ لَتَرَوُنَّهَا عَيْنَ ٱلْيَقِينِ ﴿٧﴾

८) अनि त्यस दिन तिमीहरूलाई (सांसारिक) सुख-सामग्रीबारे अवश्य सोधिनेछ ।

ثُمَّ لَتُسْـَٔلُنَّ يَوْمَئِذٍ عَنِ ٱلنَّعِيمِ ﴿٨﴾ ع

ع ١ ٨ ٢٧

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-अ़स्र

(मक्कामा अवतरित–आयतहरू: ३)

سورة: العصر

مكية آياتها:3

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) समयको क़सम !

وَالْعَصْرِ ﴿١﴾

२) निश्चय नै मानव क्षतिग्रस्त छ ।

إِنَّ الْإِنسَانَ لَفِي خُسْرٍ ﴿٢﴾

३) ती व्यक्तिहरू बाहेक जसले ईमान (आस्था) ल्याए, सत्कर्म गरे तथा परस्पर नितान्त सत्यको अर्ति र धैर्यको उपदेश दिइराखे ।

إِلَّا الَّذِينَ آمَنُوا وَعَمِلُوا الصَّالِحَاتِ
وَتَوَاصَوْا بِالْحَقِّ وَتَوَاصَوْا بِالصَّبْرِ ﴿٣﴾ ع

ع ١ ٢٨

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-हुमज़ह्

(मक्कामा अवतरित–आयतहरू: ९)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) यस्तो प्रत्येक व्यक्तिको सर्वनाश होस् जो (मुखामुख) व्यंग्य गर्छ र (अनुपस्थितिमा) बदनाम गर्छ ।

२) धन-सम्पत्ति थुपार्छ र गन्ती गर्दै थन्क्याउँछ ।

३) के सम्पत्ति सदैव आफैसत रहनेछ भन्ने उसले ठानेको छ ?

४) निश्चय नै उसलाई 'हुतमह्' मा होमिनेछ ।

५) 'हुतमह्' भनेको के हो तिमीलाई के थाहा ?

६) (त्यो) अल्लाहले दन्काएको अग्नि हो ।

७) जुन (यस्तो भयानक छ कि) मुटुसम्म पुग्नेछ ।

८) उसलाई त्यसमा थुनेर राखिनेछ ।

९) अग्ला-अग्ला स्तम्भहरूबीच ।

سورة الهمزة

مكية آياتها:9

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

وَيْلٌ لِّكُلِّ هُمَزَةٍ لُّمَزَةٍ ﴿١﴾

ٱلَّذِى جَمَعَ مَالًا وَعَدَّدَهُۥ ﴿٢﴾

يَحْسَبُ أَنَّ مَالَهُۥٓ أَخْلَدَهُۥ ﴿٣﴾

كَلَّا ۖ لَيُنۢبَذَنَّ فِى ٱلْحُطَمَةِ ﴿٤﴾

وَمَآ أَدْرَىٰكَ مَا ٱلْحُطَمَةُ ﴿٥﴾

نَارُ ٱللَّهِ ٱلْمُوقَدَةُ ﴿٦﴾

ٱلَّتِى تَطَّلِعُ عَلَى ٱلْأَفْـِٔدَةِ ﴿٧﴾

إِنَّهَا عَلَيْهِم مُّؤْصَدَةٌ ﴿٨﴾

فِى عَمَدٍ مُّمَدَّدَةٍۭ ﴿٩﴾ ع ١ ع ٩ ٢٩

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-फ़ील

(मक्कामा अवतरित–आयतहरू: ५)

سورة الفيل

مكية آياتها:5

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामवाट ।

أَلَمْ تَرَ كَيْفَ فَعَلَ رَبُّكَ بِأَصْحَٰبِ الْفِيلِ ﴿١﴾

१) तिम्रा प्रभुले हात्तीवालाहरूसित कस्तो व्यवहार गरे, के तिमीले देखेनौ ?

أَلَمْ يَجْعَلْ كَيْدَهُمْ فِى تَضْلِيلٍ ﴿٢﴾

२) के उनले तिनीहरूको योजना विफल तुल्याइदिएनन् ?

وَأَرْسَلَ عَلَيْهِمْ طَيْرًا أَبَابِيلَ ﴿٣﴾

३) र तिनीहरू विरुद्ध हुलका हुल पंक्षीहरू पनि पठाइदिए ।

تَرْمِيهِم بِحِجَارَةٍ مِّن سِجِّيلٍ ﴿٤﴾

४) जो (पंक्षीहरूले) तिनीहरूलाई मट्याङग्राले हिर्काइरहेथे ।

فَجَعَلَهُمْ كَعَصْفٍ مَّأْكُولٍ ﴿٥﴾ ع ١ ٥ ٣٠

५) र अन्ततः प्रभुले तिनीहरूलाई (तहसनहस पारी जनावरहरूले) खाएको भुसझैं वनाइदिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह्-कुरैश्

(मक्कामा अवतरित–आयतहरू: ४)

سورة قريش

مكية آياتها:4

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) किनभने कुरैश (नाउँको उच्च खान्दान काबाको कारणले) अभ्यस्त (र सुरक्षित) भए ;

لِإِيلَٰفِ قُرَيْشٍ ﴿١﴾

२) अर्थात जाडो र गर्मीको यात्रासित अभ्यस्त (र यात्रा अवधिमा संरक्षित)

إِۦلَٰفِهِمْ رِحْلَةَ ٱلشِّتَآءِ وَٱلصَّيْفِ ﴿٢﴾

३) तसर्थ तिनीहरूले यस घरका प्रभुको उपासना गरून् ।

فَلْيَعْبُدُوا۟ رَبَّ هَٰذَا ٱلْبَيْتِ ﴿٣﴾

४) जसले उनीहरूलाई भोकमरीबाट जोगाई खाना खुवाए, र भयबाट बचाई शान्ति सुरक्षा प्रदान गरे ।

ٱلَّذِىٓ أَطْعَمَهُم مِّن جُوعٍ وَءَامَنَهُم
مِّنْ خَوْفٍۭ ﴿٤﴾ ع

ع ١ ٣١

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-माऊ़न्

(मक्कामा अवतरित–आयतहरू: ४)

سورة الماعون

مكية آياتها:4

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) के तिमीले न्यायको दिनलाई असत्य ठान्ने त्यस व्यक्तिलाई देख्यौ ?

أَرَءَيْتَ ٱلَّذِى يُكَذِّبُ بِٱلدِّينِ ﴿١﴾

२) उही नै हो जो अनाथलाई गलहत्याउँछ ।

فَذَٰلِكَ ٱلَّذِى يَدُعُّ ٱلْيَتِيمَ ﴿٢﴾

३) र दीन-दुखीलाई खुवाउन (कसैलाई) प्रोत्साहित गर्दैन ।

وَلَا يَحُضُّ عَلَىٰ طَعَامِ ٱلْمِسْكِينِ ﴿٣﴾

४) सर्वनाश यस्ता नमाज़ीहरूको !

فَوَيْلٌ لِّلْمُصَلِّينَ ﴿٤﴾

५) जो आफ्ना नमाज़प्रति लापर्वाही गर्छन् ।

ٱلَّذِينَ هُمْ عَن صَلَاتِهِمْ سَاهُونَ ﴿٥﴾

६) र जो देखावटी गर्छन् ।

ٱلَّذِينَ هُمْ يُرَآءُونَ ﴿٦﴾

७) र सानो-तिनो वस्तु पनि (कसैलाई) दिँदैनन् ।

وَيَمْنَعُونَ ٱلْمَاعُونَ ﴿٧﴾ ع

ع ١ ٣٢

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-कौसर्

(मक्कामा अवतरित–आयतहरू: ३)

سورة الكوثر

مكية آياتها:3

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) (हे मुहम्मद)तिमीलाई हामीले कौसर (नामी कुण्ड) प्रदान गरेका छौं ।

إِنَّآ أَعْطَيْنَـٰكَ ٱلْكَوْثَرَ ﴿١﴾

२) अतः आफ्ना प्रभुकै निम्ति नमाज़ पढ्ने गर र बलिदान गर्ने गर ।

فَصَلِّ لِرَبِّكَ وَٱنْحَرْ ﴿٢﴾

३) वास्तवमा तिम्रा शत्रु नै निमिट्यान्न हुनेछन् !

إِنَّ شَانِئَكَ هُوَ ٱلْأَبْتَرُ ﴿٣﴾ ع

١ ع ٣٣

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-काफ़िरून्

(मक्कामा अवतरित–आयतहरू: ६)

سورة الكافرون

مكية آياتها:6

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ

१) (हे सन्देष्टा) भनिदेऊ ! हे काफ़िरहरू (अधर्मीहरू) हो !

قُلۡ يَٰٓأَيُّهَا ٱلۡكَٰفِرُونَ ١

२) म तिनको (अर्थात देवी देवताहरूको) पूजा गर्दिन जसको पूजा तिमीहरू गर्छौ ।

لَآ أَعۡبُدُ مَا تَعۡبُدُونَ ٢

३) र न तिमीहरू नै त्यस (अल्लाह) को उपासना गर्छौ जसको उपासना म गर्छु ।

وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ ٣

४) र (फेरि भन्दछु) म उसको भक्ति गर्नेवाला छैन जसको भक्ति तिमीहरू गर्दछौ ।

وَلَآ أَنَا۠ عَابِدٞ مَّا عَبَدتُّمۡ ٤

५) न नै तिमीहरू त्यसको दासत्व स्वीकार गर्नेवाला छौ जसको दासत्व म स्वीकार गर्दछु ।

وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ ٥

६) तिमीहरूको निम्ति तिम्रै धर्म, मेरो निम्ति मेरै धर्म !

لَكُمۡ دِينُكُمۡ وَلِيَ دِينِ ٦ ع

ع ١ ٦ ٣٤

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अन्नस्र

(मदीनामा अवतरित–आयतहरू: ३)

سورة النصر

مدنية آياتها:3

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

१) जब अल्लाहको सहायता आइपुग्यो र विजय प्राप्त भयो ।

إِذَا جَاءَ نَصْرُ اللَّهِ وَالْفَتْحُ ﴿١﴾

२) र तिमीले मानिसहरूलाई अल्लाहको धर्ममा हुल-हुल बनेर पसिरहेको देख्यौ ।

وَرَأَيْتَ النَّاسَ يَدْخُلُونَ فِي دِينِ
اللَّهِ أَفْوَاجًا ﴿٢﴾

३) अनि आफ्ना प्रभुको प्रशंसाको साथ महिमागान गर र उनीसित क्षमायाचना गर, निस्सन्देह उनी पश्चाताप स्वीकार्न तत्पर छन् ।

فَسَبِّحْ بِحَمْدِ رَبِّكَ وَاسْتَغْفِرْهُ ۚ إِنَّهُ
كَانَ تَوَّابًا ﴿٣﴾ ع

ع ١
٣٥

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-लहब्

(मक्कामा अवतरित–आयतहरू: ५)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) नष्ट भए अबूलहब्का दुवै हात र ऊ (स्वयम्) विनाश भयो ।

२) उसको धन-सम्पत्ति र आय-आर्जनले उसलाई केही लाभ पुऱ्याउन सकेन ।

३) ऊ शीघ्र नै दन्दनाउँदो आगोमा होमिनेछ !

४) र दाउरा बोकेर ल्याउने उसकी पत्नी पनि (होमिनेछिन्) !

५) उसको घाँटीमा खजुरको रेशाको डोरी बाँधिनेछ ।

سورة اللهب

مكية آياتها:5

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

تَبَّتْ يَدَآ أَبِي لَهَبٍ وَتَبَّ ١

مَآ أَغْنَىٰ عَنْهُ مَالُهُۥ وَمَا كَسَبَ ٢

سَيَصْلَىٰ نَارًا ذَاتَ لَهَبٍ ٣

وَٱمْرَأَتُهُۥ حَمَّالَةَ ٱلْحَطَبِ ٤

فِي جِيدِهَا حَبْلٌ مِّن مَّسَدٍ ٥ ع ٢ ع ٥ ٣٦

CC-0. In Public Domain. Digitization by eGangotri

سورة الإخلاص

مكية آياتها:4

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ﴿١﴾

ٱللَّهُ ٱلصَّمَدُ ﴿٢﴾

لَمْ يَلِدْ وَلَمْ يُولَدْ ﴿٣﴾

وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ﴿٤﴾ ع

ع ١ ٣٧

सूरह् अल्-इख़्लास

(मक्कामा अवतरित–आयतहरू: ४)

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) भनिदेऊ ! उनी अल्लाह हुन् (जो) अद्वितीय (छन्) ।

२) अल्लाह स्वयम्मा परिपूर्ण छन् र सबै उनीमाथि आश्रित छन् ।

३) उनको कोही सन्तान छैन, न उनी कसैको सन्तान हुन् !

४) र कोही उनको समकक्ष र सदृश (पनि) छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अल्-फ़लक्

(मक्कामा अवतरित–आयतहरू: ५)

سورة الفلق

مكية آياتها:5

بِسْمِ ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

१) भनिदेऊ ! म शरण पर्छु प्रातः कालका प्रभुको ;

قُلْ أَعُوذُ بِرَبِّ ٱلْفَلَقِ ﴿١﴾

२) हरेक वस्तुको दुष्टतावाट (वच्नको लागि) जुन उनले सृष्टि गरेका छन् ।

مِن شَرِّ مَا خَلَقَ ﴿٢﴾

३) र अन्धकारमय रात्रिको दुष्टतावाट (वच्नको लागि) जब त्यो फैलिन्छ ।

وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ ﴿٣﴾

४) र गाँठोमा झार-फुँक गर्नेहरूको दुष्टतावाट ।

وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِى ٱلْعُقَدِ ﴿٤﴾

५) र ईर्ष्यालुको दुष्टतावाट जब त्यो डाहा गर्छ ।

وَمِن شَرِّ حَاسِدٍ إِذَا حَسَدَ ﴿٥﴾ ع

ع ١ ٥ ٣٨

CC-0. In Public Domain. Digitization by eGangotri

सूरह् अन्नास
(मक्कामा अवतरित–आयतहरू: ६)

سورة الناس
مكية آياتها:6

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

शुरु अत्यन्त करुणामय, परम दयालु अल्लाहको नामबाट ।

قُلْ أَعُوذُ بِرَبِّ النَّاسِ ۝١
१) भनिदेऊ ! म शरण पर्छु मानवका प्रभुको ,

مَلِكِ النَّاسِ ۝٢
२) मानवका वास्तविक सम्राटको ,

إِلَٰهِ النَّاسِ ۝٣
३) मानवका ईश्वरको ,

مِن شَرِّ الْوَسْوَاسِ الْخَنَّاسِ ۝٤
४) भ्रम उत्पन्न गर्ने र पछि हट्ने (शैतान) को दुष्टताबाट (जोगिनको लागि) ।

الَّذِي يُوَسْوِسُ فِي صُدُورِ النَّاسِ ۝٥
५) जो मानव-हृदयमा भ्रम उत्पन्न गर्छ ।

مِنَ الْجِنَّةِ وَالنَّاسِ ۝٦ ع
६) चाहे त्यो (भ्रम उत्पन्न गर्ने) जिन्न मध्येको होस् वा मानवमध्येको ।

١ ع ٦ ٣٩

CC-0. In Public Domain. Digitization by eGangotri

कुरआनसित सम्बंधित केही पारिभाषिक शब्दावली

अल्लाह :- अ़रबी शब्द हो, जसको अर्थ हुन्छ एउटा प्रमुख एवम् विशिष्ट पूज्य। अल्लाह आरम्भ देखि नै त्यस सत्ताको नाम रहिआएको छ जो सम्पूर्ण सदगुणहरूसित परिपूर्ण, विश्वका रचयता, सबैका स्वामी तथा पालनकर्ता हुन्।

आख़िरत :- परलोक, पारलौकिक जीवन। कुरआन अनुसार वर्तमान लोकको अवधि सीमित एवम् निश्चित रहेको छ। एक समय यस्तो आउने छ जब यस सृष्टिको व्यवस्था छिन्न-भिन्न भइहाल्ने छ, फेरी अल्लाहले एउटा नयाँ लोकको निर्माण गर्नेछन् जसको नियम वर्तमान लोकको नियमभन्दा नितांत भिन्न हुनेछ। अल्लाहका आज्ञाकारी भक्तहरू जन्नत (स्वर्ग) मा जाने छन् भने अल्लाहका विद्रोही व्यक्तिहरू जहन्नम (नरक) मा होमिने छन्।

आयत् :- कुरआनमा 'आयत्' शब्द तीन विभिन्न अर्थहरूमा प्रयोग भएको छ : १) प्राकृतिक लक्षणहरू, तथ्यहरू तथा ऐतिहासिक घटनाहरू,
२) अल्लाहका रसूल (दूत) हरूले ल्याएका चमत्कारहरू र
३) कुरआनका वाक्यांश वा श्लोकहरू।

आ़द :- अ़रबको एउटा प्राचीन जाति जो 'अहक़ाफ़' क्षेत्रमा वसोवास गर्दथ्यो जुन क्षेत्र हिजाज़, यमन र यमामाको बीचमा पर्दछ। अहिले यो गैर-आबाद रहेको छ।

अह्ले किताब :- ग्रन्थबाहक; ती व्यक्तिहरू जसतर्फ अल्लाहले आफ्ना ग्रन्थहरू अवतरित गरे। यो संकेत यहूदी तथा ईसाईहरू तर्फ रहेको छ। यिनीहरूलाई तौरात, ज़बूर तथा इंजील (नामक ईश-ग्रन्थहरू) प्रदान गरिएका थिए।

काअ़बा :- सऊदी अ़रबको मक्कामा अवस्थित अल्लाहको पवित्र घर जसतर्फ फर्केर संसारभरिकै मुस्लिमहरू नमाज़ पढ्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

<u>क़ियामत :-</u> महाप्रलय, पुनरुत्थान, एउटा यस्तो दिन जब वर्तमान लोकको व्यवस्था छिन्नभिन्न हुनेछ ।

<u>कुफ्र :-</u> अधर्म, इनकार, अकृज्ञता ।

<u>काफ़िर :-</u> अधर्मी, इनकार गर्ने व्यक्तिहरू ।

<u>कुरैश :-</u> इस्माईल (अ.) को संततिमा नज्र बिन कनानाको खान्दानसित सम्बंधित एउटा प्रतिष्ठित गोत्र । मुहम्मद (स.) को जन्म यसै गोत्रमा भयो ।

<u>ज़कात :-</u> गरिबहरूको लागि धनीहरूबाट अनिवार्यरूपमा लिइने आयकर ।

<u>जन्नत :-</u> स्वर्ग, बगैंचा, परलोक । अल्लाहका सत्कर्मी भक्तजनहरूको बासस्थान ।

<u>जहन्नम :-</u> नरक; परलोकमा अल्लाहका बिद्रोही तथा अवज्ञाकारी व्यक्तिहरूको बासस्थान ।

<u>ज़िक्र :-</u> स्मरण, याद, स्मृति, नसीहत, उपदेश ।

<u>तक़्वा :-</u> भय राख्नु, डराउनु, संयम, धर्मपरायणता । तक़्वा वास्तवमा मानिसभित्र अल्लाहको भय र प्रेम मिश्रित मनोभाव हो ।

<u>तौबा :-</u> पश्चात्ताप, क्षमा याचना, फर्कनु, उन्मुख हुनु । मनुष्यकोतर्फबाट तौबाको अर्थ पाप एवम् दुष्कर्म छाड़ि अल्लाहको प्रसन्नता प्राप्तितर्फ फर्कनु हो र अल्लाहकोतर्फबाट तौबाको अर्थ आफ्नो भक्तमाथि दया-दृष्टि गर्नु हो ।

<u>तौहीद :-</u> एकेश्वरवाद, अल्लाहलाई एक मान्नु र उनीसँग कसैलाई साझी नठहराउनु । तौहीद सबै सन्देष्टाहरूका शिक्षाको मूल-मन्त्र रहिआएको छ ।

<u>दीन :-</u> धर्म, जीवन-प्रणाली; इस्लाम मात्र दीन वा नितान्त सत्य धर्म हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

<u>नबी :-</u> सन्देष्टा; मानवको मार्गदर्शनको लागि अल्लाहले हरेक युगमा विभिन्न नवीहरू पठाए ।

<u>नमाज़ :-</u> नमाज़को लागि कुरआनमा 'सलात' को शब्द प्रयोग भएको छ जसको अर्थ कुनै कार्यतर्फ अग्रसर हुनु र ध्यान दिनु हो । यसैवाट यस शब्दको प्रयोग प्रार्थनाको लागि हुन थाल्यो । भक्ति तथा पूजाको लागि यस शब्दको प्रयोग अत्यन्त प्राचीन छ ।

<u>फरिश्ता (*Angel*) :-</u> कुरआनमा यसको लागि "मलक" शब्द प्रयोग भएको छ । फरिश्ता अल्लाहद्वारा सृष्टि गरिएको एउटा प्राणि हो जो अल्लाहको आदेशअनुसार काम गर्दछ ।

<u>मुश्रिक :-</u> अनेकेश्वरवादी, वहुदेववादी, अल्लाहवाहेक अन्य कसैलाई ईश्वर घोषित गर्ने वा त्यसलाई अल्लाहको साझेदार वनाउने व्यक्ति ।

<u>मुस्लिम :-</u> आज्ञाकारी, इस्लामका अनुयायी, केवल अल्लाहलाई आफ्नो स्वामी, पालनकर्ता तथा पूज्य मान्नेहरू ।

<u>मुमिन :-</u> आस्थावान, एक अल्लाहप्रति आस्था तथा विश्वास राख्ने व्यक्ति ।

<u>रब :-</u> कुरआनमा तीन अर्थमा यसको प्रयोग भएको छ (१) पालनकर्ता, संरक्षक (२) स्वामी, मालिक, प्रभु (३) शासक, हाकिम, विधाता, प्रबंधकर्ता ।

<u>रसूल :-</u> ईश्दूत; यस्तो व्यक्ति जसद्वारा अल्लाह मानिसहरूलाई आफ्नो मार्ग देखाउँदछन् ।

रसूल तथा नबीमा अलि अन्तर छ । रसूल त्यो हुन्छ जसलाई नयाँ शरीअ़त (धर्म विधान) र ग्रन्थ प्रदान हुन्छ तर नवी हरेक सन्देष्टालाई भनिन्छ चाहे उनलाई नयाँ शरीअ़त वा ग्रंथ प्राप्त भएको होस् वा पुरानै शरिअ़त वा ग्रंथक अनुसार मानिसहरूलाई मार्ग देखाउने आदेश दिइएको होस् ।

<u>रह्मान :-</u> अत्यन्त करूणामय, अल्लाहको एउटा विशेष गुण वा नाम ।

CC-0. In Public Domain. Digitization by eGangotri

<u>सब्र</u> :- धैर्य, दृढ़ता; यसको शाब्दिक अर्थ हुन्छ रोक्नु, बांध्नु । सब्र संकल्पको दृढतालाई भनिन्छ जसले गर्दा मानिस आफ्नो मार्गमा बढ़दै जान्छ ।

<u>समूद</u> :- अ़रबका प्राचीन जातिहरूमध्ये एउटा जाति जसको मार्गदर्शनको लागि अल्लाहले सालिह़ (अ.) लाई पठाएका थिए ।

<u>सह़ीफ़ा</u> :- लिखित पानाहरू; बहुवचनको रूपमा (सुहुफ़) किताब वा ग्रंथलाई भनिन्छ किन भने किताब पानाहरूकै समूह हुन्छ ।

<u>"सूर" फुक्नु</u> :- अल्लाहको आदेश पाएर इस्राफ़ील फ़रिश्ताले यस संसारको समाप्तिको सन्देश दिन निकाल्ने एक अत्यन्त डरलाग्दो कर्कश ध्वनि, जुन सुनेपछि सारा संसार ध्वस्त हुनेछ ।

<u>सूरह</u> :- कुरआन साना-ठूला ११४ अध्यायहरूमा विभक्त छ जसमध्ये प्रत्येक अध्यायलाई सूरह भनिन्छ ।

<u>ह़क़</u> :- उपस्थित तथा कायमलाई भनिन्छ; पछि त्यसमा अरू अर्थहरूको समावेश भयो (१) नितान्त सत्य (२) नैतिक दृष्टिले अपेक्षित (३) स्पष्ट तथा बुद्धिसङ्गत

<u>हिकमत</u> :- (*Wisdom*) तत्वज्ञान, विवेक, तत्वदर्शिता, निर्णय-शक्ति ।

<u>हिदायत</u> :- (*Guidance*) मार्गदर्शन, मार्ग देखाउनु; जीवन-यापनको त्यो तरीका जस अनुसार मानिस आफ्नो लोक तथा परलोकलाई राम्रो पार्न सक्छ ।

G. NO. 1376

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

१६० · ९२२८३२०
त ८९ क

A152